का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ असार २०८२,
शनिबार
5 July, 2025
Saturday

मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु



### अघि बढ्यो सामाजिक सुरक्षा योजना

# नयाँ कर्मचारीले पेन्सन नपाउने





बढीभन्दा बढी रोजगारदाता, श्रमिक व्यवस्थापनको पक्ष बलियो बनाउन सकेमात्रै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमबाट फाइदा लिन सकिन्छ

■ **प्रा. डा. गोविन्दराज पोखरेल**
**पूर्वउपाध्यक्ष**
**राष्ट्रिय योजना आयोग**



पेन्सन र उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने व्यवस्था मिलाउन सबै मन्त्रालय र मातहतका निकायलाई परिपत्र गारिसकेका छौं

■ **श्यामप्रसाद भण्डारी**
**प्रवक्ता**
**अर्थ मन्त्रालय**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० असार ।

सरकारले लामो समयदेखि आफ्नो नीति तथा कार्यक्रममा समावेश गर्दै आएको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली आगामी आर्थिक वर्षबाट लागू गर्ने भएको छ। आर्थिक वर्ष २०८२/०८३ देखि लागू गर्ने गरी सबै सरकारी निकायलाई निर्देशन गर्दै कार्यान्वयनमा सरकार अघि बढ्को हो ।

आगामी साउनबाट लागू हुनेगरी नेपाल सरकारले पेन्सन र उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको नीति लिएको अर्थ मन्त्रालयले जनाएको छ। शुक्रबार मन्त्रालयले सामाजिक सुरक्षा प्रणाली लागू गर्न आवश्यक व्यवस्था मिलाउन सबै मन्त्रालय, नियामक निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूलाई परिपत्र गरेको छ। 'उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने पृष्ठ २ मा

### सरकारसँग असन्तुष्ट साना दल

# नाउपा पनि बाहिरिँदै

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० असार ।

संसद्को पहिलो ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा (एमाले) सँग सरकारमा रहेका साना दलहरू असन्तुष्ट हुँदै गएका छन् ।

गत वर्ष ३० असारमा गठन भएको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको झण्डै दुईतिहाई सरकारमा कांग्रेस-एमालेका अतिरिक्त जनता समाजवादी पार्टी-नेपाल (जसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, नागरिक उन्मुक्ति पार्टी (नाउपा), जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि छन् । तर सरकार गठन भएको एक वर्ष नबित्दै उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ । यादवको पार्टीले सरकारलाई समर्थन दिएपनि मन्त्रिपरिषद्मा भने सहभागि भएको थिएन ।

**नाउपाले पनि छाड्दै**

यादवको पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको दुई हप्ता नबित्दै नागरिक उन्मुक्ति पार्टी पनि चिढिएका छन् र सरकारलाई दिएको समर्थन फिर्ता लिने निष्कर्षमा पुगिसकेको छ ।

पार्टीले बिहीबार नै समर्थन फिर्ता लिने बताएपनि शुक्रबारसम्म फिर्ता भने लिएको छैन। सुदूरपश्चिम प्रदेश सरकारमा पार्टीको तर्फबाट उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री बनेका रामेश्वर चौधरीलाई मुख्यमन्त्री कमल शाहले बर्खास्त गरेपछि नाउपा केन्द्र सरकारसँग पनि चिढिएको हो । सुदूरपश्चिममा कांग्रेस नेतृत्वको सरकार छ । सुदूरपश्चिम सरकारसँग आक्रोशित नाउपा कांग्रेससम्मिलत संघीय सरकारबाट पनि बाहिरिने घोषणा गरेको छ ।

प्रदेशसभामा चौथो ठूलो दल नागरिक उन्मुक्तिका सात सांसद छन् । आर्थिक लेनदेनसँग जोडिएको विवादित अडिओ संवाद सार्वजनिक भएपछि नाउपाकै तत्कालीन मन्त्री लक्ष्मण किशोर चौधरीले गत फागुनमा पदबाट राजीनामा दिन बाध्य भएका थिए । अहिलेका मन्त्री रामेश्वर चौधरी ४ जेठमा मन्त्री नियुक्त भएका हुन् ।



पार्टीको सम्मान र जननिर्वाचित प्रतिनिधिहरूको गरिमाको संरक्षणका लागि सरकारबाट बाहिरिन लागेका हौं

■ **रञ्जिता श्रेष्ठ**
**अध्यक्ष, नाउपा**

त्यसको करिब एक महिनापछि महत्वपूर्ण नियुक्तिमा समन्वय नगरेको र अख्तियारले पनि छानबिन गरिहरेको भन्दै मुख्यमन्त्री शाहले मन्त्री चौधरीलाई गत ३ असारमा राजीनामा दिन निर्देशन दिएका थिए । तर, मन्त्री चौधरीले मुख्यमन्त्रीलाई उल्टै सके हटाउन चुनौती दिएपछि बिहीबार मुख्यमन्त्रीले उनलाई पदमुक्त गरेका हुन् । मन्त्री चौधरी पदमुक्त भएपछि नाउपा प्रदेश सरकारप्रति असन्तुष्टि जनाउँदै सरकारबाट बाहिरिएको हो ।

**प्रतिपक्षमा बस्ने**

नाउपाले सोमबार बस्ने प्रतिनिधिसभाको बैठकमा प्रतिपक्षमा बस्ने तयारी गरेको छ । पृष्ठ २ मा

# उपभोक्ता अदालतविरुद्ध डाक्टरहरू

### *सोमबार आकस्मिक बाहेकका सम्पूर्ण स्वास्थ्य सेवा बन्द गर्ने*

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २० असार ।



चिकित्सकीय लापरबाहीका मुद्दामा उपभोक्ता अदालतले डाक्टरलाई क्षतिपूर्ति तिराउने आदेश दिएपछि उनीहरू आन्दोलनमा उत्रिएका छन् ।

नेपाल चिकित्सक संघको आह्वानमा देशभरका डाक्टरहरू स्वास्थ्य सेवा नै ठप्प पार्ने गरी आन्दोलनमा उत्रन लागेका हुन् ।

संघले चिकित्सा सेवालाई सामान्य उपभोक्ता वस्तुसरह व्यवहार गरी कारबाही गर्नु अस्वीकार्य रहेको भन्दै संघले सशक्त आन्दोलनको चेतावनी दिएको हो ।

'चिकित्सकीय सेवा कुनै सामान वा उपभोक्ता वस्तु होइन । यसलाई सामान्य व्यापारिक ढाँचामा हेर्नु गम्भीर त्रुटि हो,' संघले शुक्रबार विज्ञप्ति जारी गरी भनेको छ, 'उपचारमा देखिने जटिलता वा प्रतिकूल असरका लागि चिकित्सकलाई कारबाही गर्नु न्यायसंगत होइन । यस्ता कार्यले सम्पूर्ण स्वास्थ्य प्रणालीमा अविश्वास फैलाउने चिकिन्सकलाई त्रसित पार्ने काम गर्छ ।'

नेपाल मेडिकल काउन्सिलजस्ता नियामक निकायलाई बेवास्ता गरी कानुनी हस्तक्षेप भएकाले चिकित्सा क्षेत्रमा अन्योल सिर्जना गर्न खोजिएको पनि संघको दाबी छ । पृष्ठ २ मा

# विदेशमा रहेका नेपालीको विवरण संकलन गरिँदै

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असार ।



सरकारले विदेशमा रहेका सबै नेपालीको विवरण संकलन गर्दैछ। कानुनी वा गैरकानुनी रूपमा विदेश गएका सबै नेपालीको विवरण संकलन गर्नेगरी 'श्रम संसार' एप सञ्चालानमा ल्याइएको छ ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाका अनुसार विदेशमा रहेका नेपालीप्रति सरकारको दायित्व हुन्छ ।

'कानुनी वा गैरकानुनी रूपमा विदेश गएको भएपनि सबै नेपालीप्रति सरकारको दायित्व हुन्छ । दायित्व पूरा गर्न सहज होस् भनेर विवरण एकीकृत गर्न सुरु गरिएको हो ।'

सरकारले विदेशमा रहेका सबै नेपालीहरूले सरकारी एपमा यहि असार १० गतेबाट आफ्नो विवरण दिइरहेका छन । कति विवरण संकलन भयो भनेर परराष्ट्र मन्त्रालयले दिएको छैन। तथापि, हजारौंको संख्यामा विवरण संकलन भएको छ । कुन देशमा कति नेपाली कस्तो अवस्थामा रहेको यसले दिनेछ । यसअनुसार सरकारले आवश्यक नीति अख्तियार गर्नेछ ।

परराष्ट्रमन्त्री डा.राणाले भनिन्, 'संसारभरिका नेपाली डायस्पोराकै विवरण संकलन गर्न सक्ने गरी एप निर्माण गरिएको छ । यसमा उत्साहजनक सहभागिता रहेको छ ।'

परराष्ट्र मन्त्रालयका अधिकारीहरू विदेशमा रहेका नेपालीहरूले आफ्नो विवरण दर्ता गराएपछि त्यसमार्फत् कहाँ, कुन अवस्थामा र कति संख्यामा नेपालीहरू रहेका छन् भन्ने बारेको सूचना प्राप्त हुनेछ ।

विदेशमा रहेका नेपालीहरूको विवरण प्राप्त भएपछि नेपालीहरू रहेका देशमा आवश्यक पर्ने कन्सुलर सेवा प्रदान गर्न तथा समस्यामा परेकाहरूको तत्कालै उद्धार गर्नसमेत सहज हुने सरकारको विश्वास छ ।

परराष्ट्र मन्त्रालयका अनुसार वैदेशिक रोजगारीका क्षेत्रमा रहेका कैयौं नेपालीहरू सूचनाकै अभावका कारण ठगिएका छन्, दुःख पाएका छन पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# धन्यवाद त परै जाओस्, उल्टै करोडौं खाएको आरोप लगाइयो : मन्त्री भण्डारी



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारको हरेक क्षेत्रमा सुधारको प्रयास सुरुवात भएको भन्दै साथ दिन सबै सरोकारवालालाई आग्रह गरेका छन् ।

शुक्रबार काठमाडौंको लाजिम्पाटस्थित होटल र्‍याडिसनमा सम्पन्न नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको छैटौं वार्षिक साधारण सभामा नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्ने क्रममा श्रममन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् ।

विगत १६ वर्षको अवधिमा रोजगारीका लागि विदेश गएका १४ हजार नेपालीले ज्यान गुमाउनु गम्भीर विषय भएको उल्लेख गर्दै श्रममन्त्री भण्डारीले श्रम र पसिना बगाउन पुगेका नेपालीहरू जीवन गुमाउन बाध्य भएकाले यस विषयमा सरकार गम्भीर पृष्ठ २ मा

### प्रधानको नेतृत्वमा नेवाः समाजको नयाँ कार्यसमिति



**काठमाडौं/मस-** सर्वसम्मतिले नयाँ नेतृत्व चयन गर्दै नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको छैटौं साधारण सभा सम्पन्न भएको छ । शुक्रबार काठमाडौंको होटल र्‍याडिसनमा सम्पन्न समाजको छैटौं वार्षिक साधारण सभाले क्राउन ओभरसिज कन्सल्ट्यान्सी प्रा.लि.का सञ्चालक किसन प्रधानको अध्यक्षतामा निर्विरोध कार्यसमिति निर्वाचित गरेको छ ।

समाजको प्रथम उपाध्यक्षमा विजयराज श्रेष्ठ, द्वितीय उपाध्यक्षमा दिनेश श्रेष्ठ, तृतीय उपाध्यक्षमा प्रविन श्रेष्ठ, महासचिवमा देवेन्द्र नारायण श्रेष्ठ, सचिवमा गगन श्रेष्ठ र कोषाध्यक्षमा चन्द्रकुमार श्रेष्ठ निर्वाचित भएका छन् । पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति **२०८२ असार २५** गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

मध्यान्ह
www.madhyanhadaily.com
२१ असार २०८२ शनिबार
5 July 2025, Saturday

# ‘संघीयता, समानुपातिक र समावेशी प्रणालीलाई निरुत्साहित गरिए जनता अन्यायमा पर्छन्’

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले संघीयता, समानुपातिक र समावेशी प्रणालीलाई निरुत्साहित गरिएमा जनता अन्यायमा पर्ने बताएका छन् ।

ललितपुरको गोदावरीमा आयोजित लोकतान्त्रिक आदिवासी जनजाति महासंघको केन्द्रीय पदाधिकारी एवं सचिवालयको विस्तारित बैठकलाई सम्बोधन गर्दै सञ्चारमन्त्री गुरुङले नारामा मात्रै ‘समृद्ध नेपाल सुखी नेपाली’ भनेर मात्रै नहुने बताए । समृद्ध र सुखी नेपालीका लागि शान्ति, स्थिरता, संघीय ढाँचाको समावेशी राज्य, अधिकारको बाँडफाँट, उनीहरुको आफ्नो प्रतिनिधित्व आवश्यक रहेको उनले उल्लेख गरे ।



‘समाजमा भाषिक समुदाय, जातीय समुदायबीच असमानता छ, सबैभन्दा बढी वर्गीय असमानता छ, बहुसंस्कृति मान्ने मुलुकमा समतामूलक समाज निर्माणका लागि संघीयता चाहिएको हो, सबैलाई धार्मिक समानता हुनुपर्छ, कुनै एउटा धर्मको पृष्ठपोषण गर्दा धार्मिक युद्ध हुन्छ’, सञ्चारमन्त्री गुरुङले भने । उनले पार्टीभित्र साह्रै दुःखले हुर्काएको आदिवासी जनजाति समुदायको पहिचान कायम राख्न सक्नुपर्ने बताए ।

‘पार्टीको पाँचौं महाधिवेशनमा पनि जाति, भाषा र धर्मका विषयमा धेरै कुरा उठेका थिए, सांस्कृतिक अधिकार हुनुपर्छ भनेर धेरैको माग थियो, यो लोकतान्त्रिक आदिवासी जनजाति महासंघ अहिले पनि समस्यामा छ, पार्टीको नीतिभित्र बाँधिएर आदिवासी जनजातिका क्षेत्रमा काम गर्ने संस्था हो, आदिवासी जनजातिका क्षेत्रमा काम गर्न सक्नुपर्छ, जहिले पनि संवेदनशील हुनुपर्छ’ सञ्चारमन्त्री गुरुङले भने ।

सुरुवातमा संगठन स्थापना गर्दा मार्क्सवादी व्याख्याअनुसार सामाजिक, आर्थिक र धार्मिक शोषण, पीडन र उत्पीडनलाई अन्त्य गर्ने अवधारणा लिएको उनले बताए ।

‘हाम्रै पार्टीभित्र पनि संघीयता विरोधी छन्, खुलमखुला प्रदेश सरकार चाहिँदैन भन्नेहरु पनि छन्, जातीय, भाषिक र सांस्कृतिक समस्या सही ढंगले सम्बोधन गर्न सकिएन भने द्वन्द्व हुन्छ, सबै जातजातिलाई राज्यको अनुभूति गराउँदा द्वन्द्व हुँदैन, शान्ति कायम हुन्छ, उनीहरुमा अपनत्वबोध हुन्छ, समुदायमा कुनै एक जातिको मात्रै बाहुल्यता भएको त काहीँ पनि छैन, त्यसकारण समावेशी संघीयता चाहिएको हो’, सञ्चारमन्त्री गुरुङले भने ।

संघीय व्यवस्थाअनुसार प्रदेश र स्थानीय तहको निर्वाचन नभए विद्रोह हुन्छ भन्दै उनले संघीय प्रणालीलाई व्यवस्थित बनाउन र विश्वास जगाउने गरी राजनीतिमा लाग्नुपर्छ भने । देशको एक तिहाइ जनसंख्या भएको आदिवासी जनजाति समुदायलाई राज्यले नीतिनिर्माणको तहमा समेट्न नसकेको उल्लेख गर्दै उनले नेकपा (एमाले)ले यसमा ध्यान दिनुपर्ने बताए ।

आदिवासी जनजातिको आन्दोलनलाई सही दिशामा डोऱ्याउन नसक्दा समस्या आएको उल्लेख गर्दै उनले जातीय जनसंख्याका आधारमा प्रतिनिधित्वका लागि जोड दिनुपर्ने बताए । लोकतान्त्रिक आदिवासी जनजाति महासंघका अध्यक्ष पासाङ शेर्पाले समयमै महासङ्घको हाधिवेशन गर्नुपर्नेमा जोड दिए ।

**नयाँ...**

व्यवस्था मिलाउन सबै मन्त्रालय र मातहतका निकायलाई परिपत्र गरिसकेका छौं’,मन्त्रालयका प्रवक्ता सहसचिव श्यामप्रसाद भण्डारीले भने ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजना श्रमिकको तर्फबाट आधारभूत पारिश्रमिकको ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सो कोषबाट श्रमिकलाई औषधि उपचार तथा स्वास्थ्य, मातृत्व, दुर्घटना, अशक्तता, वृद्धावस्था, आश्रित परिवार सुरक्षा योजना उपलब्ध गराउने उद्देश्य रहेको छ । जसमा वृद्धावस्था सुरक्षा योजना अन्तर्गत २८.३३ प्रतिशत र बाँकी रकम अन्य सुविधाको लागि छुट्याइएको छ ।

पेन्सन तथा उपदानको सट्टामा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने सरकारको नीतिलाई अर्थ विज्ञहरूले सकारात्मक रूपमा लिएका छन् । ‘सरकारले ल्याउन लागेको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले खर्च कटौती गर्दै राज्यको आर्थिक भार घटाउन सहयोग गर्छ’, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवं नेपाली कांग्रेसका नेता प्राडा गोविन्दराज पोखरेलले भने, ‘तर घोषणा गर्ने र कार्यान्वयन गर्नु भनेर पत्र लेख्दैमा सबै कुरा भइहाल्ने अवस्था नेपालमा छैन्, देशमा रोजगारदाता, श्रमिक र व्यवसाय गर्नेहरूलाई यो योजनामा जोड्न सक्नुपर्छ ।’

स्वदेश तथा विदेशमा स्वरोजगार बनेकादेखि रोजगारदाता कम्पनीमा काम गर्नेहरू र सरकारी कर्मचारी सबैलाई अनिवार्य यो योजनामा ल्याएर व्यवस्थित गर्न सक्नु पर्ने उनको सुझाव छ । ‘त्यसमा योगदान गर्ने व्यक्तिहरूको संख्या बढाउने, सुशासनको पाटोमा ध्यान दिने र व्यवस्थापननको पक्ष बलियो बनाउन सक्यो भने मात्रै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमबाट देश र स्वयम् नागरिकले फाइदा लिन सक्छन्’, उनले भने । सरकारले ल्याउन खोजेको यो योजना राम्रो भएपनि व्यवस्थापकीय पक्ष कमजोर रहेकाले त्यसमा बढी ध्यान दिनुपर्ने उनको भनाइ छ ।

यो प्रणाली लागू नगरेका कारण सिर्जना हुने दायित्व नेपाल सरकारले नबेहोर्ने जानकारी गराउन पनि अर्थ मन्त्रालयले अनुरोध गरेको छ । ‘योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले कर्मचारीलाई आफैंले कमाएको रकमबाट केही अंश आफ्नै भविष्यका लागि बचत गर्न अनिवार्य गर्ने र राज्यले दिने पेन्सन कटौती गर्दा सरकारको खर्च भार घट्ने उद्देश्यकासाथ यस्तो नीति अबलम्वन गरेको हो’, मन्त्रालयका प्रवक्ता भण्डारीले बताए । यो प्रणालीलाई अनिवार्य लागू गर्ने भएपछि आर्थिक वर्ष २०८२/०८३ देखि नियुक्त हुने कर्मचारीहरूले पेन्सन पाउने छैनन् । यस अघि सरकारी नोकरीमा छिरेका कर्मचारीको हकमा पेन्सनको व्यवस्था कायमै राखिएको छ । उक्त व्यवस्थाले योगदानमा आधारित सामाजिक सुरक्षा योजना प्रभावकारीरूपमा अघि बढ्न नसक्ने विज्ञहरूले टिप्पणी गरेका छन् ।

नेपाल सरकारले अवलम्बन गरेको नीतिअनुसार, सार्वजनिक प्रतिष्ठानहरूबाट कर्मचारीको अवकाशपछिको दीर्घकालीन दायित्व भुक्तानीका लागि आवश्यक व्यवस्था नगर्दा घाटामा रहेका निकायहरूले राज्य कोषमा दीर्घकालीन दायित्व सिर्जना गरेको मन्त्रालयको ठहर छ । मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै भनेको छ, ‘नेपाल सरकारले अवलम्बन गरेको नीति अनुसार, सार्वजनिक प्रतिष्ठानहरूबाट कर्मचारीको अवकाशपछिको दीर्घकालीन दायित्व भुक्तानीका लागि आवश्यक व्यवस्था नगर्दा घाटामा रहेका तथा आफ्नै स्रोत नभई नेपाल सरकारकै स्रोतमा निर्भर रहनुपर्ने निकायहरूले राज्य कोषमा दीर्घकालीन दायित्व सिर्जना गरिरहेको देखिएको छ । यस सन्दर्भमा, सम्बन्धित सबै मन्त्रालय, नियामक निकाय, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूले देहाय बमोजिम गर्न गराउन हुन माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीस्तरको मिति २०८२/३/२० को निर्णयानुसार अनुरोध छ।’ आर्थिक वर्ष २०८२/०८३ देखि नियुक्त हुने कर्मचारीहरूका लागी मात्रै यो व्यवस्था लागू हुने बताइएको छ । नीति बन्नु अघिका कर्मचारीका हकमा पुरानै व्यवस्था लागू हुने हुँदा उनीहरूको पेन्सन नकट्ने मन्त्रालय स्रोतले बताएको छ ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले २०८० वैशाखमै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई अनिवार्य र कडाइका साथ लागू गर्न पहल गर्ने बताएका थिए । त्यसबेला उनले यो कार्यक्रमलाई सम्पूर्ण औद्योगिक प्रतिष्ठान, उद्योग र कार्यालयमा अनिवार्य र कडाइका साथ लागू गर्ने प्रतिबद्धता जनाएपनि कार्यान्वयन हुन सकेको थिएन। यस अघिका सरकारहरूले यो प्रणाली लागू गर्न वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्दै आएका थिए । सरकारले २०७५ सालदेखि सरकारी कर्मचारीका लागि योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू गरेको थियो । तर, अहिले सम्म पनि कतिपय नियामक निकाय, संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूमा पेन्सन तथा उपदान सुविधा प्रदान गर्ने प्रचलन कायम रहेको छ ।

**नाउपा...**

‘२३ असार गतेदेखि सदनबाट हामी प्रतिपक्षमा बस्छौं’, अध्यक्ष रञ्जिता चौधरीले भनिन् । उनले संघदेखि प्रदेशसम्म पार्टी अब प्रतिपक्षमै बस्ने जनाइन् ।

पार्टीले संघीय सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री तथा सांसद अरूणकुमार चौधरीलाई राजीनामा दिन निर्देश पनि गरेको छ। प्रधानमन्त्री केपी ओली स्पेन भ्रमणबाट फर्केर आएपछि राज्यमन्त्री चौधरीले राजीनामा गरेर पार्टी औपचारिक रूपमा सरकारबाट बाहिरिने छ । प्रधानमन्त्री ओली स्पेन भ्रमण पूरा गरी शुक्रबार स्वदेश फिर्ता भएका छन् ।

‘सुदूरपश्चिममा हाम्रो पार्टीका मन्त्रीलाई कुनै औपचारिक संवाद, कारण वा प्रक्रिया बिना हटाइएको छ,’ अध्यक्ष श्रेष्ठले भनिन्, ‘यो असंवैधानिकमात्रै होइन, अपमानजनक र अत्यन्त दुर्भाग्यपूर्ण छ । हामी यो कमदलाई सत्ता घमण्ड, मनपरी र लोकतान्त्रिक मूल्यमाथिको अपमानका रुपमा लिएका छौं ।’

पार्टीको सम्मान र जननिर्वाचित प्रतिनिधिहरूको गरिमाको संरक्षणका लागि यो कदम उठाइएको उनको भनाइ छ। ‘यो निर्णय जनताको म्यान्डेट, पार्टीको सम्मान र जननिर्वाचित प्रतिनिधिहरूको गरिमाको संरक्षणका लागि गरिएको सैद्धान्तिक र दूरदर्शी कदम हो,’ श्रेष्ठले भनिन् ।

नाउपा सुदूरपश्चिमका संसदीय दलका नेता घनश्याम चौधरीले भने ‘हामीले समर्थन फिर्ता लिने निर्णय गरिसकेका छौं। अब हामी प्रतिपक्षमा बस्छौं ।’

सुदूरपश्चिममा नाउपाले समर्थन फिर्ता लिए पनि सरकार प्रस्ट बहुमतमा रहन्छ। हाल ५२ सदस्य रहेको प्रदेशसभामा बहुमतका लागि २७ सदस्यको समर्थन आवश्यक पर्छ । कांग्रेसका १८ र एमालेका ११ सहित सरकारसँग २९ सांसदको समर्थन छ ।

सरकार गठन गर्दा नाउपाको हस्ताक्षर नभएको हुँदा नाउपाले समर्थन फिर्ता लिँदा पनि मुख्यमन्त्रीले विश्वासको मत लिनु नपर्ने देखिएको छ ।

गत ७ र ८ असारमा बसेको जसपा नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठकले ओली नेतृत्वको यो सरकार पूर्णतः असफल भएको निष्कर्ष निकाल्दै सरकारलाई दिएको समर्थन फिर्ता दिने जिम्मा संसदीय दललाई दिएको छ । तर संसदीय दलको बैठक अहिलेसम्म बसेको छैन ।

केन्द्रीय कार्यकारिणी समितिको निर्देशनअनुसार संसदीय दलले चाँडै निर्णय गर्ने प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले बताए । ‘पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको तर आधिकारिक निर्णय गर्न मात्रै बाँकी छ’, उनले भने । जसपा नेपालले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ ।

जसपा नेपालले सरकार संविधान संशोधन, सुशासन कायम र भ्रष्टाचारजन्य गतिविधि नियन्त्रणमा असफल भएको निष्कर्ष निकालेको छ । त्यसैले समर्थन गरेर बस्नुको कुनै औचित्य नरहेको जसपा नेपालको तर्क छ ।

### जनमत पनि असन्तुष्ट

यता जनमत पार्टी पनि सरकारसँग सन्तुष्ट छैन । मधेश प्रदेश सरकारले ल्याएको बजेटलाई लिएर जनमत संघीय सत्ता गठबन्धनसँग रुष्ट बनेको छ। मधेश प्रदेश सरकार जनमतकै नेतृत्वमा छ र सतिसकुमार सिंह मुख्यमन्त्री छन् । अर्थमन्त्री कांग्रेसका सुनीलकुमार यादव छन्। अर्थमन्त्री यादवले मुख्यमन्त्री सिंहलाई नै बाइपास गरेर बजेट ल्याइएको आरोप जनमतको छ ।

यही विषयलाई देखाएर जनमतले समर्थन फिर्ता लिनेसम्मको निर्णय गर्नसक्ने बताइन्छ। प्रवक्ता डा. शरदसिंह यादवले समर्थन फिर्ता नै लिने निर्णय अहिले नभएको तर यसबारे थप छलफल तथा समीक्षा हुने बताए ।

### मधेशवादी दलहरूमा पनि असन्तुष्टी

तराई मधेश केन्द्रित दलहरू पनि ओली नेतृत्वको सरकारप्रति असन्तुष्ट बनेका छन् ।

जसपा नेपालले सरकारबाट समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ भने अन्य दलहरू पनि असन्तुष्ट छन् ।

मधेश केन्द्रित दलहरूको मोर्चा संघीय लोकतान्त्रिक मोर्चाले सरकारको कामप्रति असन्तुष्टि जनाएको छ ।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल पनि सरकारको काम कारबाहीप्रति सन्तुष्ट छैन। यद्यपि पार्टी सरकारमा सहभागि छ ।

संविधान संशोधन, राजबन्दी रिहाइजस्ता विषयलाई सरकारले सम्बोधन नगरेको भन्दै पार्टीले असन्तुष्टि जनाउँदै आएका छन् ।

मोर्चामा रहेका ७ मध्ये ४ दल संघीय संसदमा छन् । मोर्चाका घटक दलहरूमध्ये जसपा नेपाल र नाउपाबाहेह अन्यले सरकार छाड्ने कि नछाड्ने भन्ने विषयमा कुनै छलफल गरेपनि सरकारको कामप्रति असन्तुष्ट रहेको बताएका छन् ।

**उपभोक्ता...**

‘उपभोक्ता अदालतले यस्तो निर्णयको पुनरवलोकन गर्नुपर्ने र स्वास्थ्य मन्त्रालय तथा सरोकारवाला निकायले तत्काल ध्यान दिनुपर्ने संघको आग्रह छ ।

अदालतको निर्णयको विरोध गर्दै संघले सोमबार देशभरका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा आकस्मिक बाहेकका सम्पूर्ण सेवा बन्द गर्ने घोषणा गरेको छ ।

उपचारमा लापरबाही गर्ने स्वास्थ्य संस्था र डाक्टरहरूलाई उपभोक्ता अदालतले क्षतिपूर्ति भराउने फैसला गरेसँगै त्यस्तो फैसलालाई नै चुनौती दिँदै संघ आन्दोलित बनेको हो ।

महासचिव डा. सञ्जीव तिवारीले आफूहरूको मागका सम्बन्धमा शुक्रबार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइएको जनाए । सोमबार बसेको संघको आकस्मिक बैठकले थप आन्दोलनका कार्यक्रम घोषणा गरेका हुन् ।

साथै यसबारे सरकारले उपयुक्त कदम नचाले सशक्त आन्दोलन गर्ने चेतावनीसमेत संघले दिएको छ ।

यस्तै आइतबार कार्यस्थलमा एक घण्टा धर्ना दिने, २४ असारमा नेपाल मेडिकल काउन्सिललाई आफूहरूको प्रमाणपत्र बुझाउने तयारी पनि संघको छ । संघको अगुवाइमा भएका आन्दोलनमा स्वास्थ्यसँग सम्बन्धित विभिन्न ९ वटा संघसंस्थाले ऐक्यबद्धता जनाएका छन् ।

अदालतले विरामीको उपचारमा लापरवाही भएको जनाउँदै हालै काठमाडौंका ३ अस्पताललाई विरामी पक्षका परिवारलाई आर्थिक क्षतिपूर्ति तिर्नुपर्ने फैसला गेपछि डाक्टरहरू विरोधमा उत्रेका हुन् ।

काठमाडौंको ओम अस्पतालले ५० लाख ७० हजार रुपैयाँ, काठमाडौंकै हिमाल अस्पताल र चिकित्सकलाई १ करोड ४५ लाख रुपैयाँ र काठकाडौंकै ग्राण्डी सिटी अस्पताल र चिकित्सकलाई ५७ लाख रुपैयाँ क्षतिपूर्ति विरामी पक्षका परिवारलाई तिर्नुपर्ने अदालतले फैसला गरेको हो ।

ओम अस्पतालको गलत तथा गुणस्तहीन उपचारका कारण आफ्नो बुबाको मृत्यु भएको दाबी गर्दै ५ करोड रुपैयाँ क्षतिपूर्ति पाउने माग गरी वसन्त गौतमले मुद्दा दायर गरेका थिए। मुद्दामाथि अदालतले २९ जेठमा फैसला गर्दै ५६ लाख ८१ हजार रुपैयाँ अस्पतालले दिनुपर्ने निर्णय गऱ्यो। फैसलाअनुसार अस्पतालले ५० लाख ७० हजार र २ जना चिकित्सकले जनही ३ लाख ५ हजार ५ सय रुपैयाँ तिर्नुपर्ने भयो ।

यसैगरी वर्षा भण्डारीले आफ्नो प्लास्टिक सर्जरी गुणस्तरीय नभएको भन्दै ग्रान्डी सिटी अस्पतालविरुद्ध ३ करोड १७ लाख क्षतिपूर्ति माग गरेकोमा अदालतले ५ असारमा ५७ लाख १९ हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो । यसमा अस्पतालले ३० प्रतिशत र चिकित्सकले ७० तिर्नुपर्ने भएको छ ।

यस्तै गंगा गौतमले काठमाडौंकै हिमाल अस्पतालको लापरबाही भएका उपचाररत छोरीको मृत्यु भएको भन्दै १ करोड ९५ लाख रुपैयाँ क्षतिपूर्ति पाउनुपर्ने मागसहित उपभोक्ता अदालतमा मुद्दा दायर गरेका थिए। १२ असारमा अदालतले फैसला गर्दै १ करोड ४५ लाख रुपैयाँ पीडित पक्षलाई भराउन आदेश दियो । जसमा अस्पतालले ७० प्रतिशत र चिकित्सकले ३० प्रतिशत रुपैयाँ तिर्नुपर्ने छ । यसरी

अस्पताल र उपचारमा संलग्न चिकित्सकलाई बिरामीका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने फैसला अदालतले गरेपछि चिकित्सकहरूले प्रतिवाद गरेका हुन् ।

उपभोक्ता अदालतको फैसला अपाच्य हुने भन्दै संघले स्वास्थ्य सेवालाई व्यापारिक ढाँचामा हेर्नु त्रुटीपूर्ण हुने जिकिर गर्दै फैसलाको पुनरावलोकन गर्न माग गरेको छ । उपचारमा देखिने जटिलता वा प्रतिकूल असरका लागि चिकित्सकलाई कारवाही गर्नु न्यायसंगत नहुने संघको तर्क छ । यस्तै, स्वास्थ्य सेवा र चिकित्सकसँग सम्बन्धित विषयमा नेपाल मेडिकल काउन्सिलबाट मात्र मूल्यांकन गरिनुपर्ने संघको माग छ ।

## ७३ जिल्लामा पुग्यो डेंगी

देशभर डेंगीको संक्रमण बढ्दै गएको छ । गत पुसदेखि असार १८ गतेसम्म १ हजार ६ सय ७३ वटा डेंगीका बिरामी पुष्टि भएका छन् ।

२०८१ पुस १७ गतेदेखि २०८२ असार १८ गतेसम्म ७३ जिल्लामा गरी १ हजार ६ सय ७३ जनामा डेंगी संक्रमण भएको हो ।

शुक्रबार पत्रकार सम्मेलन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले हिमाली ४ जिल्ला (डोल्पा, हुम्ला, मनाङ र रसुवा) मा भने यस वर्ष हालसम्म डेंगी संक्रमण नपाइएको जानकारी दिए ।

सबैभन्दा धेरै वागमती प्रदेशमा ४ सय ४, गण्डकी प्रदेशमा ३ सय ५८, कोशी प्रदेशमा ३ सय ३४ जनामा संक्रमण पुष्टि भएको छ। जिल्लातर्फ सबैभन्दा धेरै काठमाडौंमा १ सय ७८ जना, कास्कीमा १ सय ३४, सुनसरीमा १ सय ५ वटा डेंगुका केस दर्ता भएको छ ।

प्रवक्ता बुढाथोकीकाअनुसार डेंगी संक्रमण हुँदा उच्च ज्वरो आउने, जोर्नी र मांशपेसी बेस्सरी दुख्ने, आँखाको गेडी दुख्नु, टाउको धेरै दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु जस्ता लक्षणहरु देखिन्छन्। डेंगी संक्रमित करिब ८० प्रतिशतमा लक्षण नदेखिने उनले बताए ।

**विदेशमा...**

र विभिन्न समस्यामा परेका छन। यस्तो गुनासाहरू मन्त्रालयमा पुग्ने गरेको छ । यस्तै गुनासो सम्बोधन गर्न पनि एकीकृत विवरण लिएर सरकारले रणनीति अवलम्बन गर्न लागेको हो । प्राप्त विवरणका आधारमा विदेशमा नेपालीहरूलाई कन्सुलर सेवा प्रदान गर्न सजिलो हुनेछ । श्रम स्वीकृति बेगर नै श्रम गन्तव्य देशमा पुगेर काम गरिरहेकाहरूलाई पनि सम्बद्ध देशको नेपाली दूतावासबाटै श्रम स्वीकृति दिनेगरी ‘वैधानिकीकरण श्रम स्वीकृति’ प्रदान गर्ने निर्णय सरकारको छ । यो निर्णय कार्यान्वयन गर्न पनि सरकारले एकीकृत विवरण संकलन गर्न लागेको हो ।

मन्त्रालयले नेपाली डायस्पोराका समस्याहरूको समाधानका लागि यसअघि पनि एउटा कार्यदल गठन गरी अध्ययन गरेको थियो । उक्त अध्ययनको आधारमा एकीकृत विवरण संकलन गरिएको हो । पछिल्लो समयमा विशेष गरी श्रम गन्तव्यमा रहेका नेपालीहरूका समस्याहरू धेरै आउन थालेकाले उनीहरुको अवस्था र समस्या बुझ्नका लागि सरकारले विदेशमा रहेका नेपालीहरूसँग विवरण नै मागेको हो ।

नेपालीहरू को कहाँ र कति छन् भन्ने जानकारी मात्र नभएर कागजविहीन भएर बसेका, सम्बन्धित श्रम गन्तव्यमा जाँदा श्रम स्वीकृति नलिएका तथा अन्य विविध कारणले समस्यामा परेर आफूले पाउने आधारभूत सेवा सुविधाबाट पनि बञ्चित भएका नेपालीहरूलाईसमेत सरकारले सम्बोधन गर्ने निति लिएको छ । यस अन्तरगत एकीकृत विवरण संकलन गरिएको हो ।

**धन्यवाद...**

भएको बताए। उनले विदेशमा नेपाली समस्यामा परेको र स्वदेशमा वैदेशिक रोजगारका नाममा दिनहुँ सयौं ठगिएको भन्दै यस्तो प्रवृत्ति कदापी स्वीकार्य नहुने बताए ।

मुलुकलाई वार्षिक १५ खर्ब रुपैयाँ बढी रेमिट्यान्स भित्र्याउन योगदान दिएको वैदेशिक रोजगार व्यवसाय सम्मानजनक हुन सक्ने अवस्था रहँदा रहँदै व्यावसायीहरू आफू-आफू बीचमा अस्वस्थ प्रतिस्पर्धा र कतिपय अवस्थामा आचरणमा नबसेका कारण वैदेशिक रोजगार व्यवसाय सम्मानजनक हुन नसकेको उनले बताए ।

उनले भने, ‘अहिले विभागमा व्यक्तिगत र संस्थागत ३६ हजार उजुरी छन् । यसलाई टुंगोमा पुऱ्याउन २५ वर्ष लाग्छ। वैदेशिक रोजगार पेशा सम्मानित हो, तर छातीमा हात राखौं बाहिर गर्व गर्ने अवस्था छ त ? अहिले नजानिदो तरिकाबाट अडिट भइरहेको छ । सामाजिक जवाफदेहीतामा खरो उत्रिनु पर्छ । यसलाई व्यवस्थित गर्न सबैले आफ्नो तर्फबाट इमानदारितापूर्वक काम गर्नुपर्नेछ।’

वैदेशिक रोजगारमा भएको जालसाजी र ठगीलाई इंगित गर्दै श्रममन्त्री भण्डारीले व्यवसायीको व्यावसायिक धर्म भन्दा अन्य विषयमा केन्द्रित नहुन आग्रह गरे । विदेशमा नेपालीले अन्य देशका कामदारको तुलनामा समान काममा समेत न्यून ज्यालामा काम गर्नु परेको विषयमा आफ्नो र मन्त्रालयको ध्यान केन्द्रित भएको भनाइ राख्दै मन्त्री भण्डारीले नेपालीहरूले अन्य मुलुकका श्रमिककै हाराहारीमा तलब सुविधा पाउनुपर्ने अडान व्यावसायीहरूबाट पनि आउनुपर्ने जिकिर गरे ।

मन्त्री भण्डारीले यूएईमा जाने श्रमिकलाई एक हजार दिराम तलब र खानाको ४ सय दिराम भन्दा कमको डिमाण्ड ल्याए नेपाली दूतावासले स्वीकार नगर्ने भन्दै बढेको तलब र खानाखर्चमा कुनै दायाँबायाँ नगरी कडाइका साथ कार्यान्वयन गर्ने भनाइ राखे ।

‘संसारको श्रम बजार दिन प्रतिदिन परिवर्तन भइरहेको छ । नेपालमा २/२ बर्षमा कामदारको तलब बढाउने भनिएको छ, यूएईमा १२ वर्षमा उही ८ सय ? कतिपयले त्यो पनि पाएका छैनन्। कामदारको पसिना नखाऔं, पाप लाग्छ,’ उनले भने, जे भनेपनि हजार भन्दा कमको मागपत्र प्रमाणीकरण हुँदै हुँदैन, अब नो कम्प्रोमाइज ।’

श्रममन्त्री भण्डारीले वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकलाई रोजगारदाता मुलुकहरूले सस्तो श्रमिक मात्रै नभएर आफ्नो मुलुकको विकासको सारथीको रूपमा हेर्नुपर्ने विषय आफूले अन्तर ाष्ट्रिय मञ्चहरूमा गम्भीरतापूर्वक उठाइसकेको उल्लेख गरे ।

श्रममन्त्री भण्डारीले भने, ‘नेपाली कामदारका कारण उनीहरूको अर्थतन्त्र बढेको छ, त्यसको जस र सुविधा पाउने कि नपाउने। कामदार मात्रै होइन हामी विकास साझेदार हौं ।’

श्रममन्त्री भण्डारीले वार्षिक सय जना कामदार उडाउन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण हुनुपर्ने पक्षमा आफू रहेको बताए। उनले भने, ‘लाइसेन्स दिने, तर संख्या तोक्न पाइँदैन । सयमा मैले दुई पटक मन्त्रिपरिषद्मा लगेर सहयोग गरें, तर कहिल्यै धन्यवाद पाइनँ, उल्टो करोडौं खायो भनेर अखबारमा आयो । अहिले राष्ट्रिय सभामा प्रक्रियामा छ। त्यो समाधान हुन्छ । तर संसदको अधिकार मैले बोल्न मिल्दैन ।’

उनले फ्रि भिसामा फ्रि टिकटमा वैदेशिक रोजगारमा जान पाइने अफवाहमा नेपाली रहेको पनि टिप्पणी गरे । उनले भने, ‘फ्रि भिसा फ्रि टिकट भनिएको छ, तर कहिँ पनि फ्रि हुँदैन, केही एनजीओ गैरनाफा भन्छन्, तर घुमाउरो तरिकाले नाफा लिन्छन्। अस्पतालमा पनि फ्रि बेड भनिन्छ, तर फ्रि हुँदैन । वैदेशिक रोजगारमा पनि कि कामदारले कि रोजगारदाताले तिर्नुपर्छ ।’

मन्त्री भण्डारीले नेपालमा खाइपाइ आएको वर्ग बलियो रहेको भन्दै आफूले चाहँदैमा सबै सुधार गर्न नसक्ने पनि बताए । उनले जापान र कोरिया सरकार नै ‘जीटुजी’का पक्षमा रहेकाले नेपालले चाहँदैमा परिवर्तन नहुने बताए ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष एवं नेकपा एमालेका सांसद लालप्रसाद (एलपी) साँवा लिम्बूले वैदेशिक रोजगार ऐन २०६४ निर्माणको पृष्ठभूमि राख्दै पछि ६ करोड धरौटी भएपछि असहज भएकाले सुधार हुनुपर्ने बताए। हाल विश्वभर नेपालको २२ लाख जनसंख्या वैदेशिक रोजगारमा रहेको र १५ खर्ब रुपैयाँ रेमिट्यान्स पठाएर योगदान गरेको भन्दै सांसद लिम्बूले वैदेशिक रोजगारले रेमिट्यान्स मात्रै नभित्र्याएर व्यापार घाटाको माद्रिक सन्तुलन मिलाएको, सीप, जीवन शैली र नयाँ सभ्यता सिकाएकाले यस क्षेत्रलाई सरकारले गम्भीरताका साथ लिनुपर्ने बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले संख्या सय समस्याको समाधानका लागि तत्काल प्रक्रिया अघि बढाउन आग्रह गर्दै फ्रि भिसा फ्रि टिकटमा नपठाए बाध्यतावश रकम लिनुपरेको भन्दै सेवा शुल्क परिमार्जन गर्न आग्रह गरे।

उनले सरकारले दक्षिण कोरियामा कामदार पठाउन रोकेर व्यवसायीले कामदार पठाउन पाउनुपर्ने, भिजिट भिसामा पठाएर भएको ठगी नियन्त्रण, विदेशी सरकारसँग छलफल नगरी तलब तोक्नु व्यवसायी फसाउने चालबाजी भएकाले रोजगारदातासँग छलफल नगरी एकपक्षीय निर्णय गरे कार्यान्वयन नहुने बताए ।

जापान इम्प्लोइमेन्ट को-अर्डिनेशन काउन्सिल (जेईसीसी)का अध्यक्ष मदनकुमार महतले जापानमा प्रशिक्षार्थी कामदारसम्बन्धी एसएसडब्लु कार्यविधिमा तोकिएको योग्यता कठोर भएकाले त्यसमा लचिलोपन ल्याउनुपर्ने बताए । उनले जुम्ला वा ताप्लेजुङमा पढेको कामदारले पनि जान पाउनुपर्ने प्रबन्ध गर्न माग गाग गरे । कार्यक्रममा मलेसियाका लागि पूर्वनेपाली राजदूत डिल्लीराज पौडेलगायतको उपस्थिति रहेको थियो ।

**प्रधानको...**

कार्यसमिति सदस्यमा निवर्तमान कोषाध्यक्ष मोती लक्ष्मी श्रेष्ठ, विद्यालक्ष्मी बज्राचार्य, अमितकुमार श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ र जानवीस श्रेष्ठ ‘जस्मिन’ निर्वाचित भएका छन् ।

साधारण सभामा अध्यक्ष प्रधान, महासचिव श्रेष्ठ र कोषाध्यक्ष श्रेष्ठले पेश गरेको संघको वार्षिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ ।

समाजका अध्यक्ष प्रधानले समाज वैदेशिक रोजगारका समस्या समाधान गर्न संघलाई सहयोग गर्नुका अतिरिक्त नेवारी संसकृतिको विकास र उन्नयनका लागि समाजिक उत्तरदायित्वका काममा पनि सक्रिय रहेको बताए। उनले संघ नेतृत्वले घटक संस्था भन्ने, तर व्यवहारमा एकरूपता र निरन्तरता नदिएको भन्दै संघले नीतिगत तथा रचनात्मक काममा समाज जस्ता घटक संस्थाहरूलाई प्रभावकारीरुपमा समेट्न जरुरी रहेको उल्लेख गरे ।

महासचिव श्रेष्ठले समाजले सय संख्या समाधान, सेवा शुल्क परिमार्जन, युरोपेली मुलुक मागपत्र प्रमाणीकरणलगायतका समस्या समाधानका लागि निरन्तर माग गरिरहेको बताए । उनले व्यवसायी विरोधी ऐन तथा नीतिगत प्रावधानका लागि कानुनी लडाइँ लड्नेदेखि नेवाः सभ्यता र संस्कृतिको सम्मान र संरक्षणका लागि युवा व्यवसायीहरूलाई समाजले उत्प्रेरित गर्दै आएको बताए । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तथा प्रतिनिधि सभाका सांसद एलपी साँवा लिम्बूसहित संघको नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्य, समाजका सल्लाहकारहरू, मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ, संघका पूर्वअध्यक्ष पुष्पलाल महर्जन, व्यवसायी तेजेन्द्रनाथ श्रेष्ठ, संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, कोषाध्यक्ष धनमाया सिञ्जाली श्रेष्ठलाई सम्मान गरिएको छ ।

त्यसैगरी समाजलाई आर्थिक सहयोग गर्ने रामप्रसाद श्रेष्ठ, महेश श्रेष्ठ, मेघराज श्रेष्ठ, ध्रुव डंगोल, सुरज महर्जन, सूर्यकुमार श्रेष्ठ, राजेश श्रेष्ठ, दिलकुमार श्रेष्ठ, जानवीस श्रेष्ठ (जस्मिन) र साजन मान जोशीलाई पनि सम्मान गरेको छ । समाजले निवर्तमान कोषाध्यक्ष श्रेष्ठलाई पनि सम्मान गरेको छ । कार्यक्रम उपाध्यक्ष प्रविन श्रेष्ठ र सचिव गगन श्रेष्ठले सञ्चालन गरेका थिए ।

# गिरिजाप्रसाद कोइराला क्रान्ति र शान्तिको नेता : राष्ट्रपति

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला क्रान्ति र शान्तिको नेता भएको बताएका छन् ।



पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको १०२औँ जन्मजयन्तीका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले भने, 'मैले गिरिजाप्रसाद कोइरालाका बारेमा एकै शब्दमा भन्नुपर्दा उहाँ क्रान्तिको पनि नेता हो, शान्तिको पनि नेता हो ।'

राष्ट्रपति पौडेलले राजनीतिको दिशा बदल्ने सामर्थ्य राखेर गिरिजाप्रसादले लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्ने, शान्ति प्रक्रियालाई अगाडि बढाउने र गणतन्त्र स्थापन गर्ने पछिल्लो कालखण्डको महत्त्वपूर्ण तीन राजनीतिक परिघटनालाई नेतृत्व लिएको स्पष्ट पारे । 'जीवनको उत्तरार्द्धमा गिरिजाप्रसाद कोइराला नेताबाट राजनेताको स्थान प्राप्त गर्न सफल हुनुभयो जो, हामी सबैका लागि सधैँ प्रेरणाको स्रोत रहिरहेको छ राष्ट्रपति पौडेलले भने ।

उनले आफ्नो निर्णयमा जस्तोसुकै जोखिम मोल्ने आँट राख्ने कोइरालामा आत्मविश्वास अजेय भएको बताउँदै भने, 'त्यसैले उहाँ निरन्तर लोकतन्त्रको लडाइँमा लागिरहनुभयो । काममा नथाक्ने र साथीहरूलाई अगाडि बढ्न प्रेरित गर्ने उहाँको बानी थियो । अप्ठ्यारोमा पनि उहाँभित्रको लोकतन्त्रको दियो कहिल्यै निभेन ।'

राष्ट्रपति पौडेलले शान्ति, स्थायित्व, मेलमिलाप, सहकार्य, सुशासन र जनतामा सेवा प्रवाहको चुस्ततासहित हाम्रा स्रोत, साधनहरूको समुचित उपयोगबाट मात्र हामीले राखेको मुलुकको समृद्धिको लक्ष्य पूरा हुने बताए । उनले आर्थिक विकासको मोडेलमा दार्शनिक मतभिन्नता रहँदारहँदै पनि पुँजीवादी र कम्युनिष्ट चिन्तनबीच मध्यमार्गी धार समाएर गिरिजाप्रसदको कार्यकालमा आर्थिक विकासको मोडेलले संसारभर विभिन्न नकारात्मक आर्थिक झड्का आउँदा पनि नेपालको अर्थतन्त्र केही हदसम्म जोगिएको बताए ।

# 'सरकारी कर्मचारीमा समर्पित भएर काम गर्ने प्रवृत्ति छैन'

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सरकारी कर्मचारीहरूमा समर्पण भाव नरहेको बताएका छन् ।



अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको शुक्रबार बसेको बैठकमा मन्त्री पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ माथि सैद्धान्तिक छलफलका क्रममा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा मन्त्री पाण्डले सरकारी कर्मचारीहरूमा समर्पित भएर काम गर्ने प्रवृत्ति नरहेको आरोप लगाए ।

सांसदहरूले निजी एयरलाइन्सहरूले कम जनशक्तिमा पनि नाफामा कम्पनी सञ्चालन गर्न सकिरहेको तर नेपाल वायुसेवा निगमले धेरै जनशक्ति राख्दा पनि सुधार र नाफामा जान नसकेको विषयमा प्रश्न उठाएका थिए । जवाफमा मन्त्री पाण्डेले ग्राउन्ड ह्यान्डलिङको जिम्मेवारी नेपाल वायुसेवा निगममै भएकाले बढी जनशक्ति आवश्यक परेको बताए । तर, सरकारी कर्मचारीहरूमा समर्पित भएर काम गर्ने भावना नदेखिएको उल्लेख गर्दै सुशासनको यो पक्ष सुधार्न आवश्यक रहेको उनले बताए ।

मन्त्री पाण्डेले कर्मचारीको सेवा तथा सर्तसम्बन्धी नेपाल वायुसेवा निगमको विनियमावली बनिरहेको जानकारी पनि दिए । आवश्यकता भन्दा बढी जनशक्ति राखेर नेपाल एयरलाइन्समा थप आर्थिक भार सिर्जना गर्न नहुने विषयमा सरकार गृहकार्य गरिरहेको उनको भनाइ थियो ।

# एमाले संकटमा छ, भविष्य के हुने हो भन्न सकिँदैन : अध्यक्ष नेपाल

**काठमाडौं/मस-**नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेकपा एमाले संकट नै संकटले ग्रस्त भएको बताएका छन् । शुक्रबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।



उनले नेपालको राजनीतिमा मुल कम्युनिष्ट पार्टी भनिएको नेकपा एमाले अहिले निकै संकटले ग्रस्त भएको बताए । एमालेभित्र अन्तरविरोध बढ्दै गइरहेको उनको भनाइ थियो ।

नेकपा एमालेको भविष्य आगामी दिनमा के हुने हो ? सहजै भन्न सकिने अवस्था नरहेको उनले बताए । कुभलो चिताउने, कुभलो गर्ने, अनुचित काम गर्ने, व्यक्तिवादको प्रवृत्तिको शिकार हुने, निम्न पुँजीवादी प्रवृत्ति मात्रै नभइ दक्षिण अवसरवादी प्रवृत्तिमा चुर्लुम्म डुब्ने जस्ता प्रवृत्तिहरुलाई परास्त गर्नुपर्ने उनले बताए ।

अध्यक्ष नेपालले भने, 'नेपालको राजनीतिमा मुल कम्युनिष्ट पार्टी भनिएको नेकपा एमाले अहिले निकै संकटले ग्रस्त भएको छ । अन्तरविरोध बढ्दै गइरहेको छ । अब त्यसको भविष्य के हुने हो त्यति सजिलै गरी भन्न सकिने अवस्था छैन । म त्यो पार्टीको आन्तरिक कुरामा धेरै प्रवेश गर्न चाहन्न । तर म के भन्छु भने यो कुभलो चिताउने, कुभलो गर्ने, अनुचित काम गर्ने, व्यक्तिवादको प्रवृत्तिको शिकार हुने, निम्न पुँजीवादी प्रवृत्ति मात्रै होइन दक्षिण अवसरवादी प्रवृत्तिमा चुर्लुम्म डुब्ने यस्ता जुनसुकैले प्रवृत्ति बोकेका छन् भने यो प्रवृत्ति परास्त गर्नैपर्छ ।' अध्यक्ष नेपालले कम्युनिष्टहरुको भविष्य अझै रहेको उल्लेख गरे ।

अध्यक्ष नेपालले आफूले भ्रष्टाचार गरेको छ भनेर प्रमाण प्रस्तुत गरे जुनसुकै बलिदान दिन तयार रहेको बताए । उनले नबिराउनु, नडराउनु भन्ने आफ्नो एउटा मान्यता रहेको बताए । बिराएको छैन भने डराउनुपर्ने कुनै आवश्यकता नरहेको उनको भनाइ छ ।

उनले यो धर्तीका एक जना मान्छेले पनि माधव नेपालले भ्रष्टाचार गरेको छ भनेर तथ्य प्रमाण प्रस्तुत गरे जुनसुकै बलिदान गर्न आफू तयार रहेको घोषणा गरे । उनले आफू सधैं अनुशासन, नियम, विधिको पालना गर्ने, प्रक्रियालाई सम्मान गर्ने व्यक्ति भएको बताए । अध्यक्ष नेपालले जीवनमा चुनौतीहरुको सामना गर्ने आँटका साथ अघि बढ्नुपर्ने बताए ।

# योग्यताका आधारमा प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्न माग

**काठमाडौं/मस-**नेपाल विद्यार्थी संघ(नेविसंघ)ले योग्यताका आधारमा खुला प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्ने कानुनी व्यवस्था गर्न माग गरेको छ ।



संघीय संसद्को समितिमा विद्यालय शिक्षा विधेयकका विषयमा छलफल भइरहेका बेला शिक्षक पदपूर्ति खुला प्रतिस्पर्धाबाट गर्न नेविसंघले सरोकार भएका निकायको ध्यानाकर्षण गराएको हो ।

नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले विज्ञप्ति प्रकाशित गरेर शिक्षक छनोट प्रक्रियालाई योग्यताको आधारमा सतप्रतिशत खुला प्रतिस्पर्धाबाट मात्रै नियुक्ति गर्ने कानुनी व्यवस्था गर्न माग गरेका हुन् । नेविसंघले शिक्षकहरूको मर्यादा, क्षमता, सेवासुविधा वृद्धिलगायत विषयमा ध्यानाकर्षण गराएको हो । अस्थायी तथा राहत शिक्षकका हकमा 'गोल्डेन ह्याण्डसेक' जस्ता राहतको व्यवस्था गर्नुपर्ने अध्यक्ष शेर्पाले बताए ।

नेविसंघले विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न पनि सरकारसँग माग गरेको छ । विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन तथा एकीकरणका लागि बनेको विद्यालय शिक्षा विधेयक यही असार १५ गतेभित्र जारी गर्नेगरी सरकारले शिक्षक महासंघसहित सरोकार भएकासँग लिखित सहमति गरे पनि कार्यान्वयन भएको छैन ।

# एकताको अधिवेशनको घोषणा गर्दै सकियो एनसीसी कतारको अन्तिम परिषद् भेला

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २० असार



गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको तेस्रो परिषद्(अन्तिम) भेला सम्पन्न भएको छ । संघको विधान २००३ को (दशौँ संशोधन २०२१)को परिच्छेद ६ को दफा १३ को उपदफा १३.३ मा व्यवस्था भए बमोजिम २०२३-२०२५ कार्यकालको तेस्रो परिषद् भेला प्रत्यक्ष र भर्चुअल जुम अनलाइनमार्फत सम्पन्न भएको हो ।

रोयल प्लाजाको एक हलबाट प्रत्यक्ष रूपमा सञ्चालित भेला संघका अध्यक्ष रमेश भट्टको सभाध्यक्षता तथा नेपाली राजदूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

परिषद् भेलाको उद्घाटनसहित सम्बोधन गर्दै प्रमुख अतिथि सुवेदीले आफू नियोगमा नियुक्त भएर आएदेखि नै एनसीसी कतारको टिमले सामाजिक रूपमा प्रशंसनीय कार्यसम्पादन गरेको बताए । उनले श्रमिकका पक्षमा गरेको कार्यको प्रशंसा गर्दै परिषद् भेलाको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

भेलामा पछिल्लो एक वर्षका विभिन्न गतिविधिहरू समेटिएको कार्यप्रगती संघका महासचिव रबिन मगरले पेस गरेका थिए भने कोषाध्यक्ष बुद्ध पाण्डेले २ लाख ३ हजार ९ रियाल आम्दानी गर्दै १ लाख ३६ हजार ९ सय ६८ रियाल खर्चँदै ६६ हजार ४१ रियाल बचत रहेको आयव्यय विवरण पेस गरेका थिए ।

पाण्डेले कुल रकममध्ये ५४ हजार ५ सय १४ नेपालमा बैंकमा मुद्दती खातामा रहेको भेलालाई जानकारी दिँदै संस्था सञ्चालनका लागि संघका अध्यक्ष भट्टसँग कतारी रियाल ५ हजार सापटी लिइएको र १२ हजार ५ सय ७१ रियाल विभिन्न कार्यक्रममार्फत उठ्न बाँकी रहेको भेलालाई जानकारी दिए भने भेलामा पेस भएका कार्यपत्र र आयव्यय विवरण पारित समेत भएका छन् ।

भेलामा आइसीसी तथा एनसीसीका विभिन्न पदाधिकारीहरू, कतारमा स्थापित विभिन्न वैचारिक संगठन प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिसहित परिषद् सदस्यहरूको उपस्थिति रहेको थियो । भेलामा विभिन्न वक्ताहरूले आफ्ना विचारहरू राख्दै एनसीसी कतारमा देखिएको फुटको चिरालाई चिर्न आवश्यक रहेको बताउँदै संयमित रहन समेत आग्रह गरेका थिए ।

भेलामा विधान संशोधन समितिका संयोजक विमल सुवेदीले संशोधित बुँदाहरु पेस गरेका थिए भने संशोधित विधान सर्वसम्मत अनुमोदन भएको छ । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एनसीसी कतारका अध्यक्ष रमेश भट्टले बद्री केसीले नेतृत्व गरेको आइसीसीले निर्देशित गरे बमोजिम कार्य सम्पादन नगरेको भनी ३० जुनमा एक पत्र लेख्दै मान्यता फिर्ता लिँदै एनसीसी कतारका उपाध्यक्ष केशव कार्कीको संयोजनमा राष्ट्रिय महाधिवेशन समिति गठन गरेको पत्र बाहिरि एसँगै विवाद बढ्न थालेको हो ।

उक्त पत्रलाई एनसीसी कतारले एक प्रेस विज्ञप्ति जारी गर्दै अवैधानिक रूपमा गठित महाधिवेशन समिति पनि अवैधानिक रहेको व्याख्या गर्दै परिषद् सदस्य भ्रममा नपर्न आग्रह गरेको थियो । कतारको नेपाली समाज अन्योल र विवाद बनिरहेका बेला २३ मे मा स्थगित भएको अन्तिम परिषद् भेला शुक्रबार सम्पन्न गरेको हो ।

परिषद् भेलाबाट एनसीसी कतारका परिषद् सदस्यता शुल्क १५ रियाल मध्यबाट प्रत्येक एक परिषद् सदस्यको शुल्कको २० प्रतिशत सिँधै कोषमा जम्मा हुने गरी श्रमिक कल्याणकारी कोषको स्थापना गर्ने घोषणा गरिएको छ ।

एनसीसीले आइसीसीलाई परिषद् सदस्यता बापत बुझाउने शुल्क आइसीसीमा एकता नहुन्जेल भुक्तानी नगर्ने भएको छ ।

**पुरस्कारको घोषणा**

एनआरएनए एनसीसी कतारले हरेक कार्यकालमा प्रदान गर्ने पत्रकारिता पुरस्कार राम एकवाल राम, साहित्यिक पुरुषकार श्याम रानाभाट र खेलकुद पुरुषकार दिलीप कार्कीलाई प्रदान गर्ने प्रस्ताव भेलाले अनुमोदन गरेको छ।

**निर्वाचन समिति गठन**

एनसीसी कतारको एघारौँ अधिवेशन सम्पन्न गर्न पूर्व आइसीसी सल्लाहकार तथा एनसीसी कतारका पूर्वअध्यक्ष नरेन्द्र भाटलाई निर्वाचन समितिको संयोजकका रूपमा सर्वसम्मत चयन गरिएको छ । पाँच सदस्यीय समितिको पूर्णता दिने सर्वाधिकार भाटलाई नै प्रदान गरिएको र समिति पूर्ण भएको जानकारी समितिलाई दिन समेत आग्रह गरिएको थियो ।

**महाधिवेशनको मिति घोषणा**

एनसीसी कतारले एकताको महाधिवेशनको घोषणा गर्दै शुक्रबार अर्थात् ४ जुलाई साँझ ७ बजेदेखि १८ जुलाई राति १० बजे सम्म परिषद् सदस्यता खुल्ला गर्ने प्रस्तावसहितको कार्यतालिका परिषद् भेलाले अनुमोदन गरेको छ । परिषद् सदस्यताको प्रारम्भिक नामावली प्रकाशन १८ जुलाई राति १० बजे गर्ने कार्यतालिका रहेको छ भने १९ जुलाई राति १० बजे सम्म सार्वजनिक परिषद् सदस्य उपर दाबी विरोधको समय दिइएको छ । २१ जुलाईका दिनमा अन्तिम परिषद् सदस्यताको नामावली प्रकाशित गर्ने र निर्वाचन समितिलाई हस्तान्तरण गर्नेछ भने निर्वाचन समितिले २५ जुलाईमा एकताको महाधिवेशन गर्ने कार्यतालीका पारित भएको छ । संघका प्रथम उपाध्यक्ष कृष्ण पन्थीले स्वागत मन्तव्य र ाखेको भेलाको समापन गर्दै सभाध्यक्ष भट्टले नेपाली समाजका अग्रजको आग्रहमा विगतमा परिषद् भेला एक महिनाका लागी सारिए पनी केही अमुख व्यक्तिले राजदूतलाई समेत विवाद छ भनी गलत कुराको ब्रिफिङ गरिदिएकोप्रति रोष प्रकट गरे । उनले राजदूतलाई श्रमिकका अभिभावक बन्न सुझाव दिँदै एनसीसीबाट फुटेर बाहिर गएका व्यक्तिहरूलाई एकताको महाधिवेशनमा सहभागी हुन आग्रह गरे ।

# अमेरिकी बजारमा 'याला हिमालयन डग चियु'को धमाका नेपाली छुर्पीलाई अन्तर्राष्ट्रिय सफलता

**काठमाडौं/मस-**नेपाली युवाहरूले उत्पादन गरेको छुर्पीले अन्तर्राष्ट्रिय बजारमा उल्लेखनीय सफलता पाएको छ । काठमाडौं उपत्यकामा स्थापना गरिएको ' याला हिमालयन' ब्रान्डको छुर्पी 'डग चियु' नामक नयाँ पहिचानसहित अमेरिकी बजारमा एक महिनामै लोकप्रियता पाएको हो । ललितपुरको चापागाउँमा तीन वर्षअघि विकास तिम्सिना, विश्वबन्धु शर्मा र मनोज हुमागाईंको नेतृत्वमा स्थापना गरिएको याला हिमालयन कम्पनीले हालै अमेरिकामा निर्यात सुरू गरेको छुर्पीले उच्च माग पाउन थालेको छ ।



कम्पनीका प्रमुख कार्यकारी अधिकृत हुमागाईंका अनुसार अमेरिकामा एमेजनमार्फत पहिलो चरणमा ५,१०० प्याकेज छुर्पी बिक्री गरिएको छ । ग्राहकको सकारात्मक प्रतिक्रियासँगै माग एक महिनामै तीनगुणा बढेको उनले जानकारी दिए । ब्रान्डिङ, प्याकेजिङ र रणनीतिले दिलायो सफलता 'याला हिमालयन' ब्रान्डको सुरुवाती मोडललाई परिमार्जन गर्दै कम्पनीले नयाँ नाम 'याला हिमालयन डग चियु' अन्तर्गत प्याकेजिङ र खुद्रा बिक्री सुरू गरेको हो । उपभोक्तालाई आकर्षित गर्न 'एक किन्दा एक निःशुल्क' अफरसहित, उक्त छुर्पी अमेरिकी बजारमा तीन फरक मूल्य (९, १२, १३ अमेरिकी डलर) मा उपलब्ध छ ।

अमेरिकामा उत्साहजनक सुरुवातपछि कम्पनीले आगामी ६ महिनाभित्र क्यानाडा र जापानजस्ता विकसित मुलुकमा उत्पादन विस्तार गर्ने योजना बनाएको छ । निर्देशक शर्माले भने, 'यो केवल सुरुवात हो, हामी नेपालका मौलिक उत्पादनलाई विश्वस्तरमा स्थापित गर्ने लक्ष्यमा छौं ।'

**नेपाली किसानसँग प्रत्यक्ष सहकार्य**

'याला हिमालयन डग चियु' ब्रान्ड अन्तर्गतको छुर्पी उत्पादन किसानसँग सिधा सहकार्यमा आधारित आपूर्ति प्रणालीबाट सञ्चालित छ । कम्पनीले देशभरका ८ वटा स्थानीय उत्पादन संस्थासँग सहकार्य गरी गाउँघरबाट दूध संकलन गर्छ र चापागाउँस्थित अत्याधुनिक उत्पादन केन्द्रमा प्रशोधन गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्छ । कम्पनीका अनुसार, यो केवल व्यवसायिक प्रयास नभइ स्थानीय किसानको जीवनस्तर उकास्ने, दिगो उत्पादन प्रणाली प्रवर्द्धन गर्ने, र नेपालको मौलिकता संरक्षण गर्ने अभियान पनि हो । हाल ललितपुरस्थित याला हिमालयनको म्यानुफ्याक्चरिङ फ्यासिलिटीमा ३०-४० जना दक्ष जनशक्ति कार्यरत छन् । उनीहरूले कच्चा दूधको संकलनदेखि तयार छुर्पीको प्याकेजिङ र ढुवानीसम्म सम्पूर्ण प्रक्रिया इन हाउस सञ्चालन गर्छन् ।

**विश्व बजारमा नेपाली छुर्पीको पहिचान**

सन् २०३५ सम्म डग चियुको मागमा वार्षिक ८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । याला हिमालयनले अहिलेको गुणस्तर, वितरण र ब्रान्डिङ कायम राख्न सकेमा यसले नेपाली पहिचानलाई विश्वबजारमा मजबुत बनाउने अपेक्षा गरिएको छ ।

कृषि, पशुपालन र निर्यातलाई समायोजन गरी सञ्चालित यो परियोजना नेपालमा नयाँ सम्भावनाको ढोका खोल्ने नमूनाको रूपमा अघि बढिरहेको छ ।

हार्दिक बधाई तथा शुभकामना
धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको"
केन्द्रिय कार्यालय: बागलुङ नगरपालिका -२, श्रीनगरटोल, बागलुङ
फोन: ०६८-५२०९०५/५२४३५१
www.dhaulagiribank.com, Email: infodesk@dhaulagiribank.com
(धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडले खप्तड लघुवित्त वित्तीय संस्थालाई गाभेको)
धौलागिरी लघुवित्त वित्तीय संस्था लि. र खप्तड लघुवित्त वित्तीय संस्था लि. एक आपस मा गाभीइ धौलागिरी लघुवित्त वित्तीय संस्था लि. तेस्रो बर्षमा प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
Branch Office: Baglung, Ph.: 068-522767

prabhu bank
Branch Office: Attariya, Kailali
Ph.: 091-550932, 550037

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
Branch Office: Attariya, Kailali
Ph.: 091-550987

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
Branch Office: Baglung
Ph.: 068-523011/523012

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
Branch Office: Pokhara
Ph.: 061-571801

synergytech
SOFTWARE
Machhindra Marg, Lalitpur, Nepal
Ph.; 01-5526297, 5009087
Email: info@syntechnepal.com
Web: www.syntechnepal.com

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
Branch Office: Baglung, Ph.: 068-522491

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
prabhu Mahalaxmi Life
Branch Office: Baglung, Ph.: 068-520482

सलिको
SALICO

पुस्तक-समीक्षा

# तत् समयका आमाहरू

'आमा, सपना र ताराहरू' आमाको ममताको सम्मानमा लेखिएको कृति हो । यो आमाको संघर्षका पक्षमा लेखिएको कृति हो । यो पितृसत्तात्मक समाजको यथार्थ देखाइएको कृति हो । यो कृतिले ग्रामीण आमाहरूको जीवन्त कथालाई बोल्छ...



■ रसुवाली कवि

वामपन्थी वृत्तमा साहित्यमा रुचि राख्ने थुप्रै राजनीतिज्ञ छन् । मूलतः एमाले पृष्ठभूमिका प्रदीप नेपाल (सन्जय थापा), मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली (शीत बिन्दु)हरूले प्रगतिशील साहित्यमा उल्लेखनीय योगदान दिएका छन् । नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल प्रगतिशील साहित्यमा रुचि राख्ने र रोचक शैलीमा लेख्न सक्ने एक जना नेता र लेखक हुन् । उनको हालै एउटा संस्मरणात्मक पुस्तक प्रकाशित छ- आमा, सपना र ताराहरू ।

मैले आमा, सपना र ताराहरू असारको मुसलधारे पानी परेको दिनमा पढेको थिएँ । देशमा राजनीतिक सन्दर्भमा अनेकौं विषयहरू चर्चामा थिए । ईश्वर पोखरेलको अभिव्यक्ति पनि चर्चामा थियो । मैले भने यो आमा, सपना र ताराहरूलाई नेता ईश्वर पोखरेलको कृतिका रूपमा नभै साहित्यकार ईश्वर पोखरेलको कृतिका रूपमा पढेँ । आफ्नो समयको हैरानी, पीडा, सकस, दर्द, धरपकड र क्रान्तिकारी आन्दोलनको कथालाई रोचक निबन्धात्मक शैलीमा लेखिएको छ यस कृतिमा ।

यस कृतिको केन्द्रमा ईश्वर पोखरेलकी ममतामयी आमा हुनुहुन्छ । ओखलढुङ्गाको कुनै ग्रामीण भेगकी ती आमाले भोगेको दुःखको महाभारत पढिरहँदा तपाईंको मन भावुक बन्छ, आँखा रसाउँछ, मनको कुनै कुनामा भूकम्प जान्छ । साहित्य भावुकता र विचारसँगै जोडेर लैजानु जरुरी छ । यो कृतिमा त्यो खालको संयोजन भेटिन्छ ।

१२ सन्तानकी ती आमाले कसरी सन्तान हुर्काउनुभयो ? कसरी त्यो पहाडजस्तो जिन्दगीलाई हरियाली बनाउनुभयो ? कसरी यो डरमर्दो जिन्दगीलाई सहजरूपमा बाँच्नुभयो/जिउनुभयो ? दुई दशक लामो भूमिगत संघर्ष गरेका ईश्वर पोखरेलको संघर्षभन्दा कम थिएन आमाको संघर्ष पनि । त्यो समयका आमाहरूले गरेको संघर्ष आफैँमा क्रान्तिकारी संघर्ष थियो । ईश्वर पोखरेलको आमाको संघर्ष पनि त्यही स्तरको संघर्ष थियो ।

सामन्ती समाजमा महिलाहरूको स्थान सम्मानजनक हुँदैन । सामन्ती समाजले पितृसत्तात्मक राग अलाप्ने हुँदा नारी जातिले चुलोचौको, खेतखलिहानमा सीमित हुनुपर्ने स्थिति बन्छ । धार्मिक, सांस्कृतिक, राजनीतिक, सामाजिक हिस्साहरूबाट नारी जातिलाई कमजोर पारिन्छ । दोस्रो दर्जाको भाष्य पितृसत्ताको भाष्य हो ।

ईश्वर पोखरेलकी आमाले छोराछोरी सानै हुँदा श्रीमान् गुमाउन पुग्नुभयो । सन्तानको मायाका निम्ति उहाँले थुप्रै संघर्ष गर्नुभयो । एउटी बिधुवा महिलाले ग्रामीण नेपाली समाजमा कुन हदसम्मको पीडा भोग्नुपर्छ, ईश्वर पोखरेलको स्मरण आमा, सपना र ताराहरूमा यसको मार्मिक बयान छ ।

'एक दिनको कुरा हो, बा दम बढेर हिरिक्कै हुन थाल्नुभयो । घाम पश्चिमी क्षितिजमा हराउँदै थियो, साँझ भुईंमा झर्दै थियो । वस्तु भाउ बाँधेर बाख्रापाठा खोरमा थुनिसकिएको थियो । एक्लो घर, साँझको समय, सहयोगका लागि छिमेकबाट कसैलाई बोलाउन पनि सम्भव थिएन । यत्तिकैमा आमाले एउटा ठूलो तर बलियो डोकोमा नाम्लो मिलाउनुभयो र बालाई ओखलढुंगाका वैद्य कहाँ लैजान रुम्जाटार बास बस्ने गरी हिँड्ने तयारी गर्नुभयो ।'

**(आमा, सपना र ताराहरू, पृष्ठ ३५)**

यो एउटा अनुच्छेदले तत्कालीन समाजको यथार्थ बोल्छ । ईश्वर पोखरेलका बुबा दमले ग्रस्त छन् । गाउँमा स्वास्थ्य चौकी छैन । सरसहयोग गर्ने छिमेकी छैनन् । एउटी ग्रामीण नारी डोकोमा श्रीमान्लाई बोक्नेसम्मको हिम्मत गर्छिन् । यो चानचुने हिम्मत होइन । मलाई लाग्छ, सिङ्गै ग्रामीण अर्थतन्त्रको भारी बोक्ने आमाहरू तत्कालीन मालेका भूमिगत नेताहरूभन्दा कम महत्वका थिएनन् । ईश्वर पोखरेलकी आमा तिनै अब्बल नारी हुन्, जो हरसंघर्षमा थाक्नुभएन । संघर्षलाई जीवनको लक्ष्य मानेर हिँड्नुभयो ।

हरेक युगको क्रान्तिकारी भारलाई श्रमजीवी वर्गले आफ्नै बुताअनुसार बोक्दै आए र इतिहासमा सबैभन्दा सम्मानित वर्ग श्रमजीवी वर्ग नै बन्यो । जित्नेहरूका पक्षमा लेखिएको इतिहासमा हार्नेहरूको कथा उल्लेख नभए पनि इतिहासको त्यो अध्याय ज्युँदो छ । आमा, सपना र ताराहरूमा ईश्वर पोखरेलले आफ्नी आमाको कथामार्फत तत्कालीन समयको यथार्थ चित्र कोरेका छन् । निःसन्देह यो प्रगतिशील साहित्यका लागि एउटा उपलब्धि हो । कला, शिल्प र भाषाका हिसाबले पनि यो कृति अब्बल छ ।

दर्जन सन्तानमध्ये कान्छा सन्तान हुन्, ईश्वर पोखरेल । आमाको सपना थियो- कान्छो छोरालाई पढाई गुनाइ असल र ठूलो मान्छे बनाउने । त्यही सिलसिलामा ईश्वर पोखरेल पहाडी गाउँ ओखलढुङ्गाबाट अध्ययनको सिलसिलामा जनकपुर आइपुगे । सानैदेखि




*कृतिको केन्द्रमा ईश्वर पोखरेलकी ममतामयी आमा हुनुहुन्छ । ओखलढुङ्गाको कुनै ग्रामीण भेगकी ती आमाले भोगेको दुःखको महाभारत पढिरहँदा तपाईंको मन भावुक बन्छ, आँखा रसाउँछ, मनको कुनै कुनामा भूकम्प जान्छ...*

प्रगतिशील स्वभावका ईश्वर बिस्तारै-बिस्तारै क्रान्तिकारी आन्दोलनका मोर्चाहरूमा देखिन थाले । एउटा सानो विद्यार्थी केटो ईश्वर सडकमा नारा लगाउँदालगाउँदै पक्राउ परे । माओले बुर्जुवा शिक्षालाई इंगित गरेर भनेको- जति ज्यादा पढ्छौ, त्यति ज्यादा मूर्ख हुन्छौ... जस्ता उद्धरणले उनलाई छुन थाल्यो । बीएड पढ्दै गर्दा उनीसँग घनिष्ठ साथी बने पूर्वका मेधावी क्रान्तिकारी नेता रत्नकुमार बान्तवा । ईश्वर पोखरेलले रत्नकुमार बान्तवाको सम्मानमा एउटा किताब लेखे- पूर्वको रातो तारा । केही समयअगाडि निस्केको यो पुस्तक पठनीय रहेको छ । बान्तवासँग उनले युवावयका थुप्रै संघर्षहरूमा भाग लिए ।

आफ्नो क्रान्तिकारी आदर्शप्रति निर्भीकतासाथ लडे रत्नकुमार बान्तवा । पूर्वमा कम्युनिस्ट आन्दोलनलाई उचाइमा पुऱ्याउन उनको खास योगदान रह्यो । आजको दिनमा स्वयम् माले/एमालेले उनका सपनाहरूलाई कति सम्मान गर्छन्, त्यो फरक विषय रह्यो । तर, कमरेड बान्तवा पूर्वमा चम्किलो रातोझैँ चम्किरहेकै छन् । यस पुस्तकमा बान्तवाको प्रसङ्ग ठाउँ-ठाउँमा आएको छ ।

एक ठाउँमा ईश्वर लेख्छन्- 'म त्यस बेला पढाइ छाडेर पाएका सर्टिफिकेटहरू, नागरिकता प्रमाणपत्र, आफूसित सम्बन्धित सुन्दर तस्बिर हरूसमेत च्यातेर क्रान्तिकारी बाटोमा लाग्ने संकल्पसाथ हिँडिसकेको थिएँ ।' (आमा, सपना र ताराहरू, पृष्ठ ६३)

प्रारम्भमा ईश्वर पोखरेलको भूमिगत जीवनप्रति आमाको खासै सहमति देखिँदैन । छोरो यसरी लुकी लुकी किन हिँडेको होला जस्तो भाव आमामा देखिन्छ । आमाले यो कुरा खासै व्यक्त गर्नुभएन । बिस्तारै बुझ्दै गएपछि आमाको पनि सहमति हुँदै गयो । ईश्वर पोखरेलको जुन राजनीतिक व्यक्तित्व बन्यो, त्यो आमाकै कारण सम्भव भएको रहेछ भनेर यो कृति पढ्दा थाहा लाग्छ ।

बुबाको माया नपाएका टुहुरा हुन् ईश्वर । बुबाको माया नपाउनु मानिसको जीवनको ठूलो दुःख हो । बुबा-आमाकै माया र ममता दिएर आमाले उनलाई हुर्काउनुभएको हो । एउटा छोराको जीवनमा यो अतुलनीय विषय हो । आमाको ममताको तुलना गर्नु शोभनीय विषय हुँदै होइन ।

आमा, सपना र ताराहरू मूलतः ईश्वर पोखरेलको आमासँग सम्बन्धित स्मरण हो । अर्को अर्थमा संवेदना पनि भन्न सकिन्छ । कृति पढिरहँदा ईश्वर पोखरेलको राजनीतिक जीवनको आरोह-अवरोहको तस्बिर पनि आउँछ । निरंकुश व्यवस्था विरोधी आन्दोलनमा निम्नमध्यम वर्गको परिवारका ईश्वर कसरी सहभागी भए, कस्ता धरपकड र यातना झेले ? प्रतिकूल राजनीतिक-आर्थिक-सांस्कृतिक परिवेशमा उनले कसरी शिक्षा हासिल गरे ? कसरी भूमिगत जीवनलाई पार गरे इत्यादि विषयका प्रसङ्गहरू पुस्तकमा आएका छन् । माझिएको भाषा र भावुक शैलीमा लेखिएको निबन्ध भएकाले पाठकको मन चसक्क पार्छन् यस कृतिभित्रका धेरैजसो निबन्धहरूले ।

उमेर ढल्कँदै गएपछि आमामा पिरोलो पनि बढ्दै जान्छ । बुढ्यौलीमा छोराछोरीले नहेर्ने हुन् कि भन्ने चिन्ता उहाँमा देखिन्छ । जीवनमा बुहार्तन, घरधन्दा र छोराछोरीको जिम्मेवारीले सधैँ सताउँदा पनि आमा माइतीसम्म जान पाउनुभएन, तर त्यतिबेला आमालाई कुनै गुनासो भएन । तर, जीवनको एउटा अध्यायमा आइपुगेपछि उहाँमा पिरलो रहेको प्रसङ्ग पुस्तकमा देखिन्छ । सायद कमजोर मान्छेलाई नै पिर धेरै लाग्छ । ईश्वर पोखरेलकी आमालाई त्यस्तै कमजोरीले पिरको सिर्जना गरेको हुनुपर्छ ।

जीवनको उत्तरार्द्धमा आमाले आँखा दान गर्नुभएको प्रसङ्ग पुस्तकमा रहेको छ । यो आमाको उच्च चेत हो ।

कतिपय ठाउँमा एउटै विषय दोहोरिएको पनि छ । यो अर्को संस्करणमा सच्याउन जरुरी छ । सिलसिलाहरूलाई अलि व्यवस्थित गरेर लेख्दा सुनमा सुगन्ध हुन्थ्यो कि ?

एउटा समयको तस्बिर आउने गरी यो पुस्तक आएको छ । यो आमाको ममताको सम्मानमा लेखिएको कृति हो । यो आमाको संघर्षका पक्षमा लेखिएको कृति हो । यो पितृसत्तात्मक समाजको यथार्थ देखाइएको कृति हो । यो कृतिले ग्रामीण आमाहरूको जीवन्त कथालाई बोल्छ । निश्चय नै एउटा पठनीय कृति हो । आमाहरूका पक्षमा नेपाली साहित्यमा धेरैभन्दा धेरै निबन्धहरू लेखिए पनि आमा, सपना र ताराहरूले एउटा बेग्लै स्थान बनाएको छ ।

अन्तिममा ईश्वर पोखरेलले लेखेको 'आमा' शीर्षकको कविताको अंशसहित लेख बिट मारिन्छ :

मैले रुँदा
पीडा पोख्न 'आमा' भनेँ !
अभावमा
आवश्यकता पूरा गर्न 'आमा' गुहारेँ !
यातना र पीडामा
भक्कानिएर रुँदा 'आमा' सम्झेँ !
(आमा, सपना र ताराहरू, पृष्ठ १३९)

कविता

## गाउँको विकास कहिले होला ?



शम्भू पनेरू

गाउँ सुनसान छ, घरको आँगनमा घाम झर्दैन,
हिजो खचाखच थिए पाटी-चौतारा, आज कोही पर्दैन ।
सुनिन्छ आवाज – 'देश विकास भइरहेछ रे !'
तर गाउँमा भने, केवल मौनता बोलिरहेछ छ ।

हिउँजस्तै पग्लिए मान्छेहरू, सहरतिर बग्दैछन्,
कतार, कोरिया, दुबईको मायासँगै बग्दैछन् ।
उखु बारी बाँझो छ, गहुँको बीउ कुहिएको,
जनशक्ति बिनाको गाउँ, सपना जस्तै बिस्मृत भएको ।

'समृद्ध नेपाल'को नारा-बाजा गाउँसम्म आएन,
ढल बन्छ सहरमा, तर गाउँमा बाटो सरेन ।
स्कूल छ, शिक्षक छैनन्, कसले पढ्ने किताब ?
अस्पताल छ, औषधि छैन, कसले हेर्ने ल्याब ?

फेदीको पाखामा अन्न हुर्कन्छ, तर मोल छैन,
जनताको पसिनामा राष्ट्र बन्छ, तर तोकिएको रोल छैन ।
गाउँको माटोमा सिङ्गो देशको बल छ लुकेको,
त्यही माटो भुलेर, देश कहिलेसम्म टल्नेछ रुकेको ?

संसदमा गुञ्जिन्छ विकासको राग,
तर गाउँमा छैन न बिजुली न भाग ।
नीति बनाउनेहरू सहरमै थुनिए,
गाउँको पीडा उनीहरूको कानमा पुगेकै छैन कि ?

देश बन्छ भने गाउँसँगै बन्छ,
हिम्मत, श्रम र सपना गाउँमै हुन्छ ।
गाउँलाई भुलेर, सहरको आकाश टोकेर,
के उड्न सक्छ देश ? के फुल्छ समृद्धिको बगैँचा मरेर ?

गाउँलाई हेर्ने दृष्टि फेर, गाउँलाई देऊ सम्मान,
नारा होइन, व्यवहार देऊ – यही हो सच्चा योजनाको प्रमाण ।
जब गाउँमा खुसी फर्किन्छ, तब देश हाँस्नेछ,
गाउँको विकास बिना, समृद्धि केवल सपना बाँस्नेछ ।

## चार मुक्तक



गणेश लोहनी

१.
कतै अतिवृष्टि कतै अनावृष्टि हुन्छ
एउटै प्रकृतिमा भिन्न दृश्य दृष्टि हुन्छ
अनेकतामा एकता नियम प्रकृतिको
चल्दै गर्छ विनाश कतै कतै सृष्टि हुन्छ ।


२.
बजारियो दम्भ उता धरती भास्ने चाहनाले
पराईका मानसम्मान सबै तास्ने चाहनाले
बाठो लड्छ तीन बल्ड्याङ उखान सत्य भयो
लाजैको पसारो भो' भाले बास्ने चाहनाले ।

३.
भिडेका छन् मध्यपूर्वमा बुद्धिका मोटा मान्छे
चरम स्वार्थ प्रेरित कुटिल मनका खोटा मान्छे
युद्धले बीभत्सता र सर्वनाश ल्याउँछ थाहा छ
मर्न मार्नमा उद्यत छन् मानवतामा छोटा मान्छे ।

४.
आँखाबाट मुटुमा घुस्छ चाट्छ चुस्छ ठगेर जान्छ
सपनाको भारी बोकाउँछ खुसी सारा लगेर जान्छ
भँगालोझैँ छुट्छन् सँगी घोडासरी भरिन्छन् सन्तति
पानी जस्तै रहेछ माया तलतिर मात्र बगेर जान्छ ।

# युरोप यात्राले अस्ताएका सपना

कथा



■ जीवन बराल

स्याङ्जाको हरियो डाँडामै हुर्किएका थिए रोहन शर्मा । बाबु स्थानीय शिक्षक, आमा गृहिणी । मिहिनेतले हुर्किएको परिवारको एक मात्र छोरा भएकाले उनलाई घरको धेरै आशा थियो । बाल्यकालमै पढाइमा तेज, विद्यालयका हरेक प्रतियोगितामा अव्वल । गाउँका बुढापाकाले भन्थे, "यो केटो एकदिन ठूलो मान्छे बन्छ ।"

त्यही सपना बोकेर उनी पोखरा आएका थिए । पोखरा इन्जिनियरिङ कलेजमा प्रवेश पाएका थिए । सुरुवातमा सबै ठिकै थियो– पढाइ, साथीभाइ, कलेजको माहोल । तर, बिस्तारै जीवनका हिसाब-किताबहरू गाह्रो हुन थाले । बाबुको तलबले घर चल्थ्यो, तर सहरको भाडा, किताब, मोबाइल र कलेज खर्चहरू तिर्न हम्मे पर्थ्यो । अनि उनले सुरु गरे पार्टटाइम काम– ट्युसन पढाउने । बर्थडे पार्टीमा फोटोग्राफी, कहिले काँही रेस्टुरेन्टमा प्लेट बोक्ने ।

तर, यत्ति मात्रले पुग्दैनथ्यो । चौथो वर्षको सुरुमा उनी एकदिन आफ्नो रुमको छतमा चुपचाप बसे । साथी विशालले भनेको कुरा सम्झिए, "यार, पोर्चुगल जाऔं न ! मास्टर पनि सकिन्छ, कमाई पनि । युरोपै छेउमै हो ।"

पहिला हाँसेका थिए उनी, "इन्जिनियर भएर विदेशमा भाँडा माझ्न त म जान्न !" तर, जब करेसाबारी सपना काठको बाकसझैँ बिस्तारै संकुचित हुँदै गयो, अनि लाग्यो, "के नेपालमै बाँकी छ र मेरो लागि ?"

६ महिनापछि उनी पोर्चुगल उडे । विद्यार्थी भिसामा मास्टर गर्न भनेर गएका थिए, तर पहिलो महिनादेखि नै उनले बुझे, कागजको नाममा विश्वविद्यालय छ, तर जीवनको कक्षा भने अर्कै हो ।

दिउँसो पढ्ने बहानामा बस्ने, राति होटलमा भाँडा माझ्ने, आइतबार सुपरमार्केटमा सामान मिलाउने ।

*एकदिन बेल्जियमको ब्रुसेल्समा सडकमा डेलिभरी गर्दै गर्दा उनले आफूलाई ऐनामा हेरे– थकित अनुहार, झुस्सिएको दाह्री अनि झरीमा भिजेको स्कूटर । बाल्यकालको अनुहार झल्झल्ती देखियो– स्याङ्जाको वालिङमा बाँसको चिसो कोठामा किताब पढ्दै गरेको केटो । त्यही रात उनले फोन गरे घरमा । आमाले सोधिन्, "कस्तो छ बाबु त्यहाँ ?"*

कहिलेकाहीँ त तीन-तीन सिफ्ट लगाउँथे, सुत्ने फुर्सद नै हुन्थेन । तर, बैंक खातामा युरो जम्मा हुँदै थियो । स्याङ्जाको घरबाट फोन आउँथ्यो, "बुबाको अप्रेसन छ रे छोरा, खर्च लाग्छ," "बहिनीको बिहे टुङ्ग्याउनै पर्‍यो ।" रोहनको एकोहोरो उत्तर हुन्थ्यो, "हुन्छ, भोलि नै पठाइदिन्छु ।"

दुई वर्षको मास्टर कहिले सकियो, उनलाई थाहा नै भएन । डिग्री त हात लाग्यो, तर सपनाको आकार बदलिसकेको थियो । अब उनी इन्जिनियर होइन, ' वर्क परमिट' खोज्ने आप्रवासी थिए । पोर्चुगलबाट स्पेन, बेल्जियम, कहिलेकाहीँ फ्रान्ससम्म पनि पुगे– कामको खोजीमा ।

एकदिन बेल्जियमको ब्रुसेल्समा सडकमा डेलिभरी गर्दै गर्दा उनले आफूलाई ऐनामा हेरे– थकित अनुहार, झुस्सिएको दाह्री अनि झरीमा भिजेको स्कूटर । बाल्यकालको अनुहार झल्झल्ती देखियो– स्याङ्जाको वालिङमा बाँसको चिसो कोठामा किताब पढ्दै गरेको केटो ।

त्यही रात उनले फोन गरे घरमा । आमाले सोधिन्, "कस्तो छ बाबु त्यहाँ ?" रोहन केहीबेर चुप लागे । अनि भने, "युरोपले धेरै कुरा दिएको छ आमा, तर मलाई मबाट टाढा बनाएको छ ।"

त्यसपछिका दिनहरू अझै कठिन भए । काम, पेपर, पुलिस, भाषा–सबैथोकसँग संघर्ष । तर, त्यसबीचमा उनले बुझे, अब नेपाल फर्कन गाह्रो थियो । एउटै कारण– जुन सपना लिएर आएको थिएँ, त्यो सपना अब पैसा हो, सुविधा हो, अनि सुरक्षा ।

एक दिन फेसबुकमा साथीले ट्याग गरेको फोटो आयो– पोखराको सेती नदी किनार, पछि माछापुच्छ्रे । उनले मोबाइल छोडे, छतमा गए । ब्रुसेल्सको आकाशमा उडिरहेका बादलहरू हेर्दै बडबडाए, "कहिले आउँछु फेरि त्यो डाँडाकाँडा ? त्यो पहाड ? त्यो गाउँ ?"

त्यस रात उनले एउटा डायरीमा लेखे, "नेपाललाई म छुने सपना थियो, अहिले युरोपले मलाई छोइदिएको छ ।" त्यही डायरीमा उनले अर्को पन्नामा लेखे, "यस्तो यात्राले मानिसलाई पैसा त दिन्छ, तर सपनाहरू अस्थायी बनाउँछ । मेरो सपनाको जरा नेपालमै थियो, अब त त्यो जराको माटो हराएको जस्तो लाग्छ ।"

त्यो रातको बादलजस्तै, रोहनको सपना पनि युरोपको आकाशमा बगिरह्यो– अस्थिर, तर अझै पनि जिउँदो ।

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२१ असार २०८२ शनिबार
5 July 2025, Saturday

# चलचित्र विकास बोर्डका ३३ सेवा अनलाइनबाट




**काठमाडौं/मस–** चलचित्र विकास बोर्डले आफ्ना ३३ प्रकारका सेवा अनलाइन माध्यमबाट प्रदान गरेको छ। बोर्ड स्थापना भएको २५ वर्ष पूरा भएको उपलक्ष्यमा घोषणा गरिए अनुसार चलचित्र दर्ता, जाँच सिफारिस, घर इजाजत, चलचित्र महोत्सव आयोजना स्वीकृतिलगायतका ३३ प्रकारका सेवाका लागि अब कार्यालय जान नपर्ने भएको छ।

यसका साथै बोर्डले 'बक्सअफिस २ सिनेपा' नामक 'एप' सञ्चालनमा ल्याएको छ। यस किसिमको नयाँ व्यवस्थासँगै कार्यालय धाउनुपर्ने अवस्था अन्त्य भएको र चलचित्रको व्यापारलाई पारदर्शी बनाएको अध्यक्ष दिनेश डिसीले बताए।

'हामीले नेपालभर रहेका एक सय ६६ चलचित्र भवनलाई बक्सअफिस एपमा जोडेका छौं। यसले व्यापारलाई पारदर्शी बनाउँछ र निर्माता, वितरक एवं प्रदर्शकबीचको सम्बन्धलाई आगामी दिनमा अझै हार्दिकता र मित्रवत् बनाउँछ। अब चलचित्र भवनमा टिकट बिक्री हुने वित्तिकै त्यो जानकारी निर्माताले पाउनुहुनेछ। यसका साथै अनलाइन सेवाका कारण बोर्डमा धाउनुपर्ने बाध्यता अन्त्य भएको छ। सामान्य सेवाहरू अनलाइन कै माध्यमले लिन सक्नुहुनेछ,' अध्यक्ष डिसीले भने।

पदभार ग्रहण गरेदेखि नै योजनाबद्ध रुपमा सुरू गरिएको काम लगभग अन्त्यतिर पुगेको उल्लेख गर्दै उनले सूचना र प्रविधिको विकास एवं विस्तारसँगै चलचित्र क्षेत्रमा देखिएका समस्या समाधानका लागि योजनाबद्ध ढंगबाट समयसापेक्ष रुपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

बोर्डले आगामी आर्थिक वर्षदेखि क्षमता अभिवृद्धि, सिपमूलक कार्यमा चलचित्रसँग जोडिएका संघ संस्थासँग सहकार्य गरेर काम गर्ने योजना रहेको पनि अध्यक्ष डिसीले बताए।

# मणि कुलुङको नाटक 'हराएको कुकुर' आजदेखि मण्डला थियटरमा



**खोटाङ/मस–** सामाजिक तथा राजनीतिक विमर्शका रूपमा तयार पारिएको नेपाली कथानक नाटक 'हराएको कुकुर' यही असार २१ गते शनिबारदेखि मञ्चन गरिने भएको छ। पछिल्लो समय रंगमञ्चमलाई मियो बनाइरहेका खोटाङे कलाकार मणि कुलुङ राईको कथा/निर्देशनमा तयार पारिएको नाटक 'हराएको कुकुर' आगामी साउन ४ गतेसम्म मञ्चन गर्ने तयारी गरिएको हो।

खोटाङको रावाबेँसी गाउँपालिका-४ हौँचुरमा जन्मिएर राजधानी काठमाडौंलाई कर्मथलो बनाएर रंगकर्मीका रूपमा क्रियाशील कलाकार कुलुङद्वारा निर्देशित नाटक 'हराएको कुकुर' सोमबारबाहेक हरेक दिन ४ बजेदेखि मञ्चन हुने बताइएको छ। शुक्रबार, शनिबार र आइतबार भने मध्याह्न १२ बजेदेखि पनि मञ्चन गर्ने तयारी गरिएको निर्देशक कुलुङले जनकारी दिए।

नाटक 'हराएको कुकुर' काठमाडौंको थापागाउँस्थित मण्डला थियटरमा मञ्चनको तयारी गरिएको कथा निर्देशक रङ्गकर्मी कुलुङले जानकारी दिए। 'नाटकले राज्य संरचनामा व्याप्त अन्याय, अनुसन्धान प्रणालीमा पक्षपात र नागरिक आवाजमाथिको दमनजस्ता विषयलाई उजागर गर्नेछ।

'हराएको कुकुर' राज्यद्वारा हराइएको सत्यको प्रतीक हो', उनले भने, 'यो नाटक एउटा सरल खोजीको कथा मात्र होइन। यो सत्ताको आलोचना गर्ने, नागरिक चेतनालाई झकझक्याउने र संरचनागत अन्यायलाई प्रश्न गर्ने एक गहिरो नाट्य प्रस्तुति हो।'

मञ्चनको सम्पूर्ण तयारी पूरा भएको 'हराएको कुकुर' एउटा रूपकात्मक नाटक भएको निर्देशक कुलुङले बताए। 'कुकुर हराएको सामान्य घटनाबाट सुरु हुने कथा क्रमशः एउटा गम्भीर सामाजिक तथा राजनीतिक विमर्शमा रूपान्तरण हुन्छ। नाटकको उत्कर्षमा हराएको कुकुर भेटिन्छ', उनले भने, 'जुन दृश्यले एउटा समाधान प्रस्तुत गरेजस्तो देखिए पनि नाटकका मूल प्रश्नहरू अझै अनुत्तरित रहन्छन्। यो नाटकले धेरै दर्शकको मन जित्ने विश्वास लिएका छौँ।'

नेपाली रंगमञ्चका चर्चित नायक दयाहाङ राईले थापागाउँमा सञ्चालन गरेको मण्डला थियटरमा मञ्चन हुने नेपाली नाटक 'हराएको कुकुर'लाई रवीन तामाङले नाट्य रूपान्तरण गरेका जनाइएको छ। नाटकका मञ्चमा किरण नेपाली, स्मृति कल्मर, रेज्मी राई, इन्द्रेणी कुलुङ, रमा कुलुङलगायतको अभिनय रहने छ।

यस्तै, अबिनास डिएम, मीना श्रेष्ठ, मनि कुलुङ, सुनिल वाहिङ राईको प्रस्तुतिसमेत मञ्चमा रहनेछन्। नेपथ्यतर्फ भने ध्वनि परिकल्पनामा अमिर ताम्राकार र नवीन काफ्ले, प्रकाश परिकल्पनामा उमेश तामाङ र प्रकाश परिचालकमा सुनिल बाहिङ राई रहेका छन्। नाटकमा दीपा मगराति, दिनेश श्रेष्ठ, पुजन लिम्बू, आकाश मगर, मञ्जिल मगर, अनुप न्यौपाने, प्रज्ञा विष्टलगायतको समेत मञ्चन भूमिका रहने छ। दुई हप्तासम्म मञ्चन हुने कथा/निर्देशक थुलुङको नाटक 'हराएको कुकुर'को ट्रेलर मण्डला थियटरले समेत सार्वजनिक गरिसकेको छ।

## 'इन्टरनेट गुरु भोलाराम र श्रीमती'को पोस्टर सार्वजनिक



**काठमाडौं/मस–** राफल्स एजुकेयर एशोसिएट्सको प्रस्तुति रहेको नयाँ हास्य टेलिसिरिज 'इन्टरनेट गुरु भोलाराम र श्रीमती-सिजन १' को पहिलो पोस्टर सार्वजनिक गरिएको छ। श्रृंखलाको निर्देशन नारायण प्रधानद्वारा गरिएको हो भने कथा लेखन अर्जुन पोखरेलले गरेका छन्।

पोस्टरमा देखाइए अनुसार, श्रृंखला सामाजिक सञ्जाल र प्रविधिमा अत्यधिक निर्भर जीवनशैलीको पृष्ठभूमिमा आधारित हास्यकथा हो, जसमा भोला राम (भूमिकामा अर्जुन) इन्टरनेटको जालमा अल्झिएका देखिन्छन् भने संकु (भूमिकामा संगम) परम्परागत सरल जीवनशैलीको प्रतिनिधित्व गर्दै केरा समातेर रमाइरहेकी छन्। जसको छायांकन रेवन महतले गरेका छन्।

निर्देशक नारायण प्रधान तथा लेखक अर्जुन पोखरेल भन्छन्, 'आजको प्रविधिप्रेमी पुस्ता र पारिवारिक जीवनबीचको द्वन्द्वलाई मनोरञ्जनात्मक ढंगमा देखाउने हाम्रो प्रयास हो। हाँसोका साथ सन्देश पनि दिनेछौं।' श्रृंखलामा समसामयिक विषयवस्तु, मज्जाले बुनेको कथा र उत्कृष्ट अभिनय रहने अपेक्षा गरिएको छ।

# प्रमोद भुसालको तिज गीत 'लौ न शिवजी कोई चाहियो' सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार




हिन्दु नारीहरूको महान् पर्व हरितालिका तिज नजिकिँदै गर्दा तिज पर्वलाई लक्षित गर्दै तिज विशेष गीतहरू सार्वजनिक हुन थालेका छन्। वैदेशिक रोजगारीका लागि हाल दक्षिण कोरियामा रहेका पर्वेतेली सर्जक प्रमोद भुसालको शब्द तथा संगीतमा 'लौ न शिवजी कोई चाहियो' बोलको गीत सार्वजनिक भएको छ।

पछिल्लो समयकी चर्चित गायिका शान्ता रानी परियारले आवाज दिएको गीत बिहीबार बाबा इन्टरटेन्मेन्ट टिभी च्यानलबाट सार्वजनिक भएको छ। एउटा उमेर पुगेकी युवतीले तिजमा ब्रत बस्दा के कस्ता कुराहरूको बर शिवजीसँग माग्छिन् भन्ने कुराहरू गीतले बोल्छ। सञ्चिता बोलाखे लुइँटेलको आकर्षक नृत्य रहेको म्युजिक भिडियोमा प्रदीप भुसाल फिचर्ड छन्।

उक्त गीतको भिडियोलाई प्रविन थापाले निर्देशन गरेका हुन्। राजेश घिमिरेले खिचेको भिडियोको सम्पादन अमृत चापागाईंले गरेका हुन्। पछिल्लो समय नेपाली गीत संगीतमा मौलिकपन पाउन निकै कठिन पर्न थालेको अवस्थालाई आफ्नो गीतले चिर्ने सर्जक भुसालले बताए।

**विराटनगर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल**

**जनहितका लागि जारी सन्देश**

- ❖ बहुविवाह, जबरजस्ती करणी, यौन दुर्व्यवहार, लिङ्ग पहिचान पछि हुने गर्भपतन, घरेलु हिंसा, मानव बेचविखन तथा ओसार–पसार लगायतका अपराध दण्डनीय अपराध हुन् यस्तो अपराध हुनबाट बचौं र बचाऔं।
- ❖ राजनैतिक, आर्थिक, सामाजिक सुरक्षा, रोजगारी तथा व्यवसायमा कुनैपनि आधारमा विभेद गर्न हुँदैन।
- ❖ ज्येष्ठ नागरिक जिउँदा इतिहास हुन्, त्यसैले उनीहरूका कुरा सुनौं, सम्मान गरौं र असल समाजको निर्माण गरौं।
- ❖ उमेर नपुगी हुने विवाहले केटाकेटीमा शारीरिक, मानसिक, आर्थिक लगायतका क्षेत्रमा परिपक्व नहुने भएकोले बाल विवाह नगरौं/नगराऔं, बालविवाह कानूनी अपराध हो।
- ❖ कुनैपनि जातजाति, लिङ्ग, भाषा, वर्ग, धर्म र अपाङ्गताका आधारमा विभेदपूर्ण व्यवहार गर्नु गैर कानूनी कार्य हो त्यसैले यस्तो अपराधजन्य कार्य नगरौं/नगराऔं।
- ❖ आफ्नो वरपरको सार्वजनिक स्थल नदि एवम् खोला नालाहरूलाई फोहोर विसर्जन स्थलको रूपमा प्रयोग नगरौं/नगराऔं साथै आ–आफ्नो टोल/समाजमा कम्तिमा हप्ताको एकपटक नियमित रूपमा सफा गर्ने नियम बनाई कार्यान्वयन गरौं।
- ❖ धुम्रपान र मद्यपान आफू पनि नगरौं र अरूलाई पनि नगर्न प्रेरित गरौं साथै लागूजन्य पदार्थबाट आफ्ना बालबालिकालाई परै राखौं।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**भक्तपुर क्यान्सर अस्पताल**
**भक्तपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०३/२१**

यस अस्पतालले मिति २०८२/०२/१९ गते प्रकाशित ठेक्का नं BCH/GOODS/NCB/081/82/15 को सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही तपशील बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

| सि. न. | ठेक्का नं. | कार्य विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु. अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | BCH/GOODS/NCB /081/82/15 | Procurement of Clinical Flow Cytometer | Everest Trade Link Nepal Pvt. Ltd. , Kathmandu | NPR. 108,48,000.00 |

**मिक्वाखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ताप्लेजुङ**
**कोशी प्रदेश, नेपाल**

**जनहितमा जारी सूचना**

- ❖ जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं
- ❖ सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- ❖ घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं। कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- ❖ कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- ❖ नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- ❖ खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**बाढीपहिरोबाट जोगिऔं**

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :**

- ❖ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- ❖ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरूवा रोपौं र संरक्षण गरौं।
- ❖ आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- ❖ बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।
- ❖ बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं

**चट्याङबाट बच्ने उपाय**

- ❖ बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- ❖ विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- ❖ विद्युतीय उपकरण बन्द गरौं,
- ❖ घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- ❖ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं
- ❖ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं
- ❖ सकभर अग्लो स्थानमा नबसौं।

**हावाहुरीबाट बचौं र बचाऔं।**

- ❖ घरको संरचना बलियो बनाऔं,
- ❖ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- ❖ छतका गमला सुरक्षित रूपमा राखौं,
- ❖ जस्तापाता लगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- ❖ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- ❖ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- ❖ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- ❖ हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**